# मजदुर

The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**

नगाँचा, कमलविनायक, भक्तपुर

लक्ष्मण तचामो

मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



वर्ष : २६ ★ अङ्क : ६३ ★ ने. सं. ११४४ चिल्ला गा, प्रतिपदा ★ मङ्गलबार ★ १३ चैत, २०८० ★ March 26, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# खराब नियत बोकेको पार्टी र नेताको हातमा सत्ता पुग्दा जनताले दुःख पाए




भक्तपुर, १२ चैत । "राजनीति तपस्या, त्याग र बलिदानको क्षेत्र भएकोले राजनीतिमा एउटा पुस्ताले सङ्घर्ष गरेर पनि नपुग्ने हुन्छ; यसकारण, नयाँ पुस्तालाई क्रान्तिकारी बनाउनु जरुरी छ । पुँजीवादी सरकारले नयाँ पुस्ता (युवा)लाई विद्यालय र विश्वविद्यालयको शिक्षा नदिने, वैदेशिक रोजगारीमा पठाउने र चेलीबेटी बेचबिखनसमेत गर्छ ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले गणेश माध्यमिक विद्यालय भार्वाचोको आयोजनामा नेमकिपाका अग्रज कार्यकर्ता तथा गणेश माविका संस्थापक ज्ञानबहादुर न्याइच्याईको १३ औं स्मृति सभामा सोमबार व्यक्त गर्नुभएको हो ।

सचिव सुवालले राजनीतिमा पारिवारिक दुःख वा अन्य पीडा भए पनि रोएर बस्ने होइन सामना गनुपर्नेमा जोड दिँदै दुई सय वर्षअघि सामन्तवाद र भूदास प्रथाविरुद्ध लडेका खान्दानी वर्गका छोराछोरीहरूले साइवेरियाको सजायलाई स्वीकार गरे तर आत्मसमर्पण नगरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दरबार अर्थात सामन्ती र पुँजीवादी राजनीतिको नेतृत्व गरेकाहरूबाट देशलाई धोका भइरहेको छ । सन् १८१६ को सुगौली सन्धिको बेला नेपालको प्रतिनिधित्व गरेर गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले आ–आफ्नो लागि बेलायती–भारतसँग भारतमा जग्गा जमिन जोडेर नेपालको सीमा खुम्च्याएका थिए । राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमण गएपछि अङ्ग्रेजको भक्त भए भने बेलायती उपनिवेशको विरोध गरेका भारतीय कामदार जनतालाई दबाउन जङ्गबहादुर नेपाली सेना लिएर गएको हुँदा सर्वहारा वर्गका नेता कार्ल मार्क्सले राणा प्रधानमन्त्री जङ्गबहादुरलाई बेलायती साम्राज्यवादको 'कुकुर' बताएका थिए ।"

गोर्खाका राजा नरभूपाल शाहको छोरा पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजीत मल्लका छोरासँग मित लगाएर काठमाडौं उपत्यकामा आक्रमण गरेको इतिहासबारे चर्चा गर्दै उहाँले भारतीय शासक वर्ग दलालहरूले निर्वाचनमा स्थानीय जनताको भेषभूषा लगाएर नेपाली जनतालाई धोका दिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा दरबारका शाह र राणाहरूबिचको वैवाहिक सम्बन्धबाट पनि शासन सत्ता लम्ब्याइएको थियो । अहिले सिंहदरबारको नेतृत्व गरेकाहरू सुन तस्करी गर्ने, नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने, ललिता निवासको सरकारी जग्गा र थबहीको सरकारी कमलपोखरी व्यक्तिको नाममा दर्ता गराई भवन बनाउन दिनेहरू हुन् । देशभक्त र क्रान्तिकारीहरूले सरकारको देशघाती कामको विरोध गर्नु आवश्यक छ ।"

***बाँकी पृष्ठ २ मा***

# प्रा.डा. सर्वज्ञभक्त मल्लद्वारा लिखित 'सफल शिक्षणको लागि सरल शिक्षण नमुना' पुस्तक विमोचन




भक्तपुर, १२ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सेवा निवृत्त शिक्षक समाज भक्तपुरद्वारा प्रकाशित प्रा.डा. सर्वज्ञभक्त मल्लको 'सफल शिक्षणका लागि सरल शिक्षण नमुना' पुस्तक (दोस्रो संस्करण) को सोमबार एक कार्यक्रमबिच सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले अवकाश प्राप्त शिक्षकहरूसँग धेरै अनुभव हुने र ती अनुभव र ज्ञान नयाँ पुस्ताका लागि अमूल्य सम्पत्ति भएको हुँदा त्यसको संरक्षण गर्नु आफैंमा उल्लेखनीय काम भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्राध्यापकहरू अनुभवका धनी हुन्छन् । जीवन भोगाइका अनुभवहरू झूटो हुनसक्दैन । सेवा निवृत्त शिक्षकहरूको अनुभवले नयाँ पुस्तालाई धेरै राम्रो शिक्षा प्रदान गर्छ ।"

भक्तपुरका सबै विद्यालयहरूको शैक्षिक गुणस्तरमा एकरूपता ल्याउन नगरपालिकाले समयसमयमा शिक्षक तालिम, विज्ञ समूहद्वारा विद्यालय अनुगमन र त्यसको सिफारिसअनुसार विद्यालयहरूलाई आर्थिक अनुदान दिने व्यवस्था गर्दै आएको उहाँले बताउनुभयो ।

अहिले विद्यालयमा अध्यापनरत शिक्षकहरू तालिम प्राप्त रहेको र विगतको तुलनामा विद्यालयको भौतिक पूर्वाधारहरू पनि सुधार भइसकेको बताउँदै उहाँले भक्तपुरका अधिकांश सामुदायिक विद्यालयहरूमा शिक्षण सामग्रीहरूको पनि व्यवस्थापन राम्रो रहेको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तरमा समानता ल्याउने गतिविधि संयुक्तरूपमा सञ्चालन गर्दै आइरहेको प्रस्ट पार्नुभयो ।

पुस्तकका लेखक एवम् शिक्षाविद् प्रा.डा. सर्वज्ञभक्त मल्लले पाँच दशक शिक्षण सेवामा आबद्ध हुँदाका आफ्ना अनुभव सुनाउँदै शिक्षकहरू शिक्षण प्रक्रियामा परिपक्व भएमात्र शिक्षामा गुणात्मक विकास हुने धारणा राख्नुभयो ।

पुस्तकको पहिलो संस्करण वि.सं. २०३४ साल पुस १९ गते प्रकाशित भएको बताउँदै उहाँले आफूले करिब ५१ वर्षअगाडि पढेको र सिकेको शैक्षिक अनुभव र ज्ञानबाट नयाँ पुस्तालाई प्रेरणा मिल्नेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् सेवा निवृत्त शिक्षक समाज भक्तपुरका अध्यक्ष अम्बिकामान मानन्धरले पुस्तक प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा लेखकप्रति समाजको तर्फबाट आभार प्रकट गर्नुभयो ।

कार्यक्रममा सेवा निवृत्त शिक्षक समाज भक्तपुरका सम्पादक ज्ञानसागर प्रजापतिले पुस्तकबारे चर्चा गर्नुभयो भने समाजका सदस्य धीरेन्द्रबहादुर कायस्थले स्वागत मन्तव्य राख्नुभएको थियो । त्यस्तै, समाजका कोषाध्यक्ष विश्वराम कवांले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने समाजका तुल्सीराम ग्वाछ्वाले पनि बोल्नुभएको थियो ।

# नेक्राकिसङ्घद्वारा न्याइच्याईको स्मृति सभा

भक्तपुर, १२ चैत । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा नेमकिपाका केन्द्रीय सल्लाहकार, नेक्राकिसङ्घका केन्द्रीय सदस्य एवं पूर्व नगरप्रमुख ज्ञानबहादुर न्याइच्याईको १३ औं स्मृतिसभा सोमबार सम्पन्न भयो ।

सभामा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले नयाँ पुस्तालाई क्रान्तिकारी बनाउनु जरूरी रहेको चर्चा गर्दै नयाँ पुस्ता क्रान्तिकारी नभएमा प्रतिकृयावादीहरूले देश र जनतालाई थप दुःख दिनेछन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "धन सम्पत्ति सबथोक होइन । नेपालका खर्बपति भनिने विनोद चौधरीले सरकारी जग्गा १० रोपनी कब्जा गरे । यो खर्बपतिलाई २०६४ सालमा एमालेले र २०७४ र २०७९ मा नेकाले प्रतिनिधिसभाको सांसद बनाए ।"

इमानदार र परिश्रमीको कमाइ हुने भए संसारमा मजदुर र किसानहरू नै धनी हुनुपर्ने थियो । तर, नेपालमा ठगहरू र कालो बजारियाहरू धनी भए । यस्ता ठगहरूले नै राजा र प्रजाको कित्ता बनाए, उहाँले भन्नुभयो ।

पशुपंछी आमाको गर्भबाट एकपल्टमात्र जन्मन्छ । मानिस दुईपल्ट जन्मिन्छन् । पहिलो, आमाको गर्भबाट जन्म हुन्छ भने दोस्रो संस्कृति वा समाजबाट जन्म हुन्छ । मानिस स्वभावले खराब हुँदैन । वरिपरिका स्वार्थी तत्त्वले मानिसलाई प्रतिकृयावादी र खराब बनाउँछ, सचिव सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "माहिलामाथि दुर्व्यवहार नहुने, सुत्केरी अलपत्र नहुने, चोरी–ठगी नहुने, आत्महत्या र सम्बन्ध विच्छेदसमेत नहुने उदाहरण पहिलो समाजवादी देश रूस थियो । रूसमा पुँजीवाद पुनःस्थापना भएपछि सडकमा माग्ने, बेरोजगारी, धनी–गरिबसमेत देखा

***बाँकी पृष्ठ ८ मा***


## सूचना सूचना

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**

जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२



## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड



ललितपुर नगरपालिका-१२ स्थित पाटन दरवार क्षेत्र परिसरमा सोमबार बिहान बिक्रीका लागि राखेका सामाग्री मिलाउँदै बिक्रेता। *तस्बिर : हरिराम भेटुवाल / रासस*

# स्रोत व्यवस्थापन र ब्राण्डिङबारे ख्वपमा प्रशिक्षण

भक्तपुर, १२ चैत । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा Entrepreneurship Support Program अन्तर्गत विभिन्न सेसनहरू सञ्चालन भइरहेको छ ।

त्रिविका उपप्राध्यापक मुक्तिबहादुर खत्रीले स्रोतको व्यवस्थापन, वस्तुका तथा सेवाको माग, यसको मूल्य, ब्राण्डिङ, वस्तुहरूको आयात निर्यातको बारेमा प्रशिक्षण दिनुभएको थियो ।

खत्रीले बजारशास्त्रको परिचय, महत्त्व, यसको विशेषताबारे चर्चा गर्नुभएको थियो । उद्यमी बन्ने होडमा रहेका प्रशिक्षार्थीलाई देशको अर्थतन्त्र र राजनीति कसरी सम्बन्धित हुन्छ, यसका अन्तर सम्बन्धबारेमा चर्चा गर्नुभयो ।



बजारलाई बुझेमात्र कुनै पनि वस्तु तथा सेवाको उत्पादन, वितरण र बिक्री गर्न सकिन्छ अर्थात् समाज सुहाउँदो व्यापार व्यवसाय खोल्न सकिन्छ । वास्तवमै देश विकासको मेरुदण्ड भनेको अर्थतन्त्र नै हो । आर्थिक गतिविधि बढेमामात्र देशले समृद्धिको पाटो समाउन पुग्दछ । खत्रीले उद्यमशिलताको महत्त्वबारे विशेष प्रशिक्षण गर्नुभयो ।

सफल उद्यमीको परिचय, पहिचान, विशेषता, आधारबारेमा प्रशिक्षण गर्नुभयो । वस्तु तथा सेवाको उत्पादन गरेमा मात्र हुँदैन यसका लागि स्रोत व्यवस्थापन, बजार, ब्राण्डिङ, आयात निर्यातबारे पनि विशेष जानकारी हासिल गर्नुपर्दछ, यस्ता ज्ञानले मात्र सफल उद्यमी बन्ने सपना साकार पार्ने कुरामा प्रशिक्षक खत्रीले जोड दिनुभयो ।

प्रशिक्षणको अन्त्यमा प्रशिक्षक खत्रीलाई Entrepreneurship Support Program कार्यक्रमका सदस्य सुनिता गाइसीले कलेजको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# ठमेल र दरबारमार्गलाई २४ सै घण्टा खुलाउन सुरक्षा योजनाबारे छलफल

काठमाडौँ, १२ चैत । मुलुकको सङ्घीय राजधानी काठमाडौँको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्गलाई २४ सै घण्टा खुलाउनका लागि आवश्यक सुरक्षा योजनाबारे छलफल भएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँमा सोमबार ठमेल र दरबारमार्ग क्षेत्रलाई २४ सै घण्टा खुलाउने तयारीबारे सम्बन्धित निकाय तथा व्यवसायीसँग छलफल गरिएको हो । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानले ठमेल र दरबारमार्ग क्षेत्रलाई २४ सै घण्टा खुलाउन निर्देशन दिएसँगै काठमाडौँका प्रमुख जिल्ला अधिकारी जीतेन्द्र बस्नेतले छलफल सुरु गर्नुभएको हो । ठमेल र दरबारमार्गलाई २४ सै घण्टा खुला राख्नका लागि जिल्ला सुरक्षा समितिले सुरक्षा योजना बनाइसकेको जनाइएको छ ।

छलफलमा बोल्दै काठमाडौँका प्रमुख जिल्ला अधिकारी बस्नेतले ठमेल र दरबारमार्ग क्षेत्रलाई २४ सै घण्टा खुलाउने तयारी भइरहेको बताउनुभयो । "सुरक्षाको पूर्ण प्रत्याभूति दिने र बजार खुलेपछि आउने समस्या र प्रतिक्रियाका आधारमा थप एकीकृत योजना बनाएर कार्यान्वयन गर्छौं," उहाँले भन्नुभयो ।

उहाँले व्यापार व्यवसाय सञ्चालनका लागि व्यवसायी र स्थानीयबासी सम्मिलित बजार व्यवस्थापन समिति बनाउने वा भएका समितिलाई जिम्मेवारी दिने बताउनुभयो । व्यवसायीले वस्तु तथा सेवामा दिउँसो र रातिको मूल्य फरक बनाउन नपाउने उहाँको भनाइ थियो ।

प्रमुख जिल्ला अधिकारी बस्नेतले अहिलेको भन्दा आपराधिक क्रियाकलाप बढ्नसक्ने अनुमानका आधारमा सोहीअनुसारको सुरक्षा प्रणाली विकास गरिने उल्लेख गर्नुभयो । व्यवसायीले आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकार हनन हुनेगरी ध्वनि प्रदूषण गर्न नपाउने उहाँको भनाइ थियो ।

छलफलमा ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले लामो समयदेखि ठमेलमा २४ सै घण्टा व्यापार व्यवसाय गर्न पाउनुपर्ने माग परिषद्ले राख्दै आएको बताउनुभयो ।

दरबारमार्ग विकास बोर्डका कोषाध्यक्ष सञ्जय अधिकारीले दरबार मार्गलाई २४ सै घण्टा खुला गर्न हरेक हिसाबले उपयुक्त भएको बताउनुभयो । दरबार मार्गलाई २४ सै घण्टा खुला गरी 'नाइट वाक' क्षेत्र बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

# जोशी रिसर्च इन्स्टिच्युटबाट दुवाल र श्रेष्ठ सम्मानित हुने

काठमाडौँ, १२ चैत । संस्कृति शिरोमणि हरिराम जोशीको सक्रियतामा स्थापित तथा जोशी रिसर्च इन्स्टिच्युट, ललितपुरबाट सञ्चालित 'हरिरामजोशी संस्कृति पुरस्कार' सक्रिय भाषा-साहित्यका अभियन्ता तथा देश/विदेशमा समेत ख्याति कमाएका जनमत साहित्यिक मासिकका प्रधानसम्पादक मोहन दुवाललाई तथा 'कदमकेशरी जोशी सम्मान' ले इतिहासकै खोजी, लेखन र प्रकाशनमा सक्रियरूपले लाग्दै आउनुभएका सक्रिय इतिहासकार प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठलाई प्रदान गर्ने निर्णय भएको इन्स्टिच्युटले जनाएको छ । उक्त पुरस्कार २०८१ वैशाख ४ गते ललितपुरमा आयोजना हुने कार्यक्रममा प्रदान गरिनेछ । दुवै पुरस्कार रु. २५,०००।- (पच्चीस हजार) नगदसहित प्रदान गरिने पनि समाचारमा उल्लेख गरिएको छ ।

# वीरेन्द्रनगरमा मजदुर भेला

सुर्खेत, १२ चैत । नेपाल क्रान्तिकारी मजदुर सङ्घ वीरेन्द्रनगर वडा नं. २ को भेला गुप्तीपुरमा भयो । भेलाबाट नरबहादुर बुढाको अध्यक्षतामा ५ सदस्यीय नेपाल क्रान्तिकारी मजदुर सङ्घ वडा नं. २ चयन भयो ।

नवगठित सदस्यहरूलाई सपथ गराउँदै नेपाल मजदुर किसान पार्टी जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहराले आन्दोलन मत्थर बनाउन पुँजीपतिहरूले केही दिएजस्तो गरे पनि पेटभरि पुग्ने ज्याला दिएको हुँदैन भन्नुभयो ।

उहाँले बौद्धिक र शारीरिक मजदुरहरूले आफ्नो सीप र कलालाई गुणस्तरका साथ पछिसम्म मूल्याङ्कन हुने किसिमले काम गर्नु राम्रो हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकल रानाले मजदुर र किसानहरू सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम जिल्ला सम्मेलन तयारी समितिका संयोजक निरकबहादुर शाहीले नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम जिल्ला सम्मेलन सफल बनाउनुपर्नेमा जोड दिनुभयो ।

ज्येष्ठ नागरिक मनिकर बुढाको अध्यक्षतामा भएको कार्यक्रममा नेमकिपा वीरेन्द्र नगर २ का वडाध्यक्ष पन्नालाल बुढा, सचिव प्रेम सिजापति, नेमकिपा वीरेन्द्र नगर समितिका सदस्य रामप्रसाद तिमिल्सेनाले बोल्नुभएको थियो ।

# होलीमा पक्राउ परेका २७७ जनामध्ये एक सय पाँच रिहा

काठमाडौँ, १२ चैत । होलीमा जथाभावी रङ दल्ने तथा होहल्ला गरेको आरोपमा पक्राउ परेका दुई सय ७७ मध्ये एक सय पाँच जना छुटेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौँले उनीहरूलाई काठमाडौँका विभिन्न स्थानबाट आइतबार पक्राउ गरेको थियो । गए राति छाडिएकामा एक सय दुई पुरुष र तीन जना महिला रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "फागु पूर्णिमाका दिन नियमविपरीत काम गर्ने उनीहरू नियन्त्रणमा लिएका थियौँ, उनीहरूको अवस्था हेरेर एक सय पाँच जनालाई गएराति उनीहरूको परिवारको जिम्मा लगाइएको छ । राति थप केही पक्राउ परेका छन्, उनीहरू सबैको हकमा छानबिन भइरहेको छ ।"

जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले दुई पाङ्ग्रे सवारी तीन सय वटा र चारपाङ्ग्रे सात वटा सवारी साधनलई नियन्त्रणमा लिई ट्राफिक प्रहरीको जिम्मा लगाइएको छ ।

लापसे, मापसे गरी सवारी साधन चलाउने तथा कागजपत्र नबोक्ने, हेल्मेट नलगाई सवारी चलाएको अभियोगमा उनीहरूलाई सवारी साधन नियन्त्रणमा लिइएको हो ।

फागु पूर्णिमा अर्थात होली पर्वलाई सुरक्षित बनाउने भन्दै प्रहरीले हिजो आइतबार उपत्यकामा विशेष सुरक्षा व्यवस्था लागू गरेको थियो । विभिन्न ठाउँमा ट्राफिक चेकिङदेखि सादा पोसाकसहित गरी कूल तीन हजार प्रहरी खटाइएको थियो भने ड्रोनबाट समेत निगरानी गरिएको थियो । **रासस**

***खराब...***

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले ज्ञानबहादुर न्याइच्याई किसान परिवारमा जन्मिए तापनि जीवनपर्यन्त पार्टीको सिद्धान्त अविचलितरूपले अँगाल्ने, सरसफाइ अभियानका अभियन्ता, स्पष्ट वक्ताका रूपमा चिनिने व्यक्तित्व थिए भन्दै नयाँ पुस्ताले अग्रजहरूले खनेको गोरेटोलाई फराकिलो पार्न लाग्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वले नेता न्याइच्याई कुनै किसिमको स्वार्थमा नफसी देशभक्तिपूर्ण आन्दोलनमा समर्पित रहने योद्धा हुन् भन्नुभयो ।

भनपा वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पार्टीको नीति निर्देशनअनुसार वडा समितिले शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा सामाजिक कार्यमा वडावासी र स्थानीयसँग छलफल र सहकार्य गर्दै निर्णय प्रक्रियामा जाने गरेको बताउनुभयो ।

विद्यालयका संस्थापक सदस्य कृष्णबहादुर दुगुजूले विद्यालय जीवन नभएको तत्कालीन समयमा भक्तपुरको पश्चिमी भेगमा गणेश माविको स्थापना गरेको चर्चा गर्दै स्थलगत निरीक्षण गरी निर्णय प्रक्रियामा जाने व्यवहारले जनताको पक्षमा निर्णय हुने विश्वास नेता न्याइच्याईमा रहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रधानाध्यापक गणेशराम थुसाले स्वागत मन्तव्य राखनुभएको थियो । कार्यक्रममा विद्यालयका १० जना विद्यार्थीहरूलाई ज्ञानबहादुर स्मृति छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रममा शिक्षिका सुशीला न्याइच्याईले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म : २००३/१०/१२
निधन : २०८०/१२/१०

यस संस्थाका सदस्यता नं. ६४४ का सदस्य **मथुरी फेलुनी**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
जैंला-८, भक्तपुर

Local Government
**Madhyapur Thimi Municipality**
Office of the Municipal Executive
Madhyapur Thimi, Bhaktapur
Bagmati Province, Nepal
**Invitation for Sealed Quotation**

**First Date of Publication: 2080/12/13**

The Office of the Municipal Executive, Madhyapur Thimi Municipality Invites Sealed Quotation from Nepalese Eligible Suppliers for the following Supply and Delivery of Goods Under Sealed Quotation Procedures. Eligible Suppliers may obtain further information from the Madhyapur Thimi Municipality, Madhyapur Thimi, Bhaktapur during office hours.

| S.N. | Contract Identification No. | Description of Project | Bid Document Fee | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | MTM/Goods/SQ/04/ 2080/081 | Supply, Delivery, Fabrication, Installation and Commissioning of Crematorium at Bode, Ward No.-8. | 1,000.00 | 28,000.00 | |

**Madhyapur Thimi Municipility,**
**Madhyapur Thimi, Bhaktapur.**

## सङ्क्षिप्त समाचार

# हुम्लामा ८२ प्रतिशत बालबालिकाले लगाए खोप

सिमकोट (हुम्ला), १२ चैत । हुम्लामा ८२ प्रतिशत बालबालिकाले दादुरा-रुबेलाविरुद्धको खोप लगाएका छन् । सातवटा स्थानीय तह रहेको जिल्लामा गत फागुन २५ देखि यही चैत ७ गतेसम्म दादुरा-रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गरिएको थियो ।

जिल्लामा एक सय सात खोप केन्द्र तोकिए पनि एक सय ६ खोप केन्द्रबाट दादुरा रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख प्रेम सिंहले बताउनुभयो । ती खोप केन्द्रमा पाँच हजार एक सय आठ बालबालिकाले खोप लगाएका उहाँले बताउनुभयो ।

हुम्लामा नौ महिनामाथि र पाँच वर्षमुनिका बालबालिकाको सङ्ख्या ६ हजार दुई सय १२ रहेको छ । बालिकाको सङ्ख्या दुई हजार चार सय ७७ तथा बालकको सङ्ख्या दुई हजार पाँच सय २३ रहेको छ । जिल्लाको उत्तरी नाम्खा गाउँपालिकाको लिमी र सर्केगाडका केही बालबालिका खोप लगाउनबाट छुटेका भए पनि लक्ष्यअनुसार खोप लगाएको प्रमुख सिंहले बताउनुभयो ।

जिल्लाका १८ प्रतिशत बालबालिका दादुरा-रुबेलाविरुद्धको खोप लगाउनबाट वञ्चित छन् । जिल्लाको लिमीका ५४ बालबालिकाले दादुरा-रुबेलाविरुद्धको खोपका साथै अन्य नियमित खोपसमेत लगाउन पाएका छैनन् । ***रासस***

# अछाममा ट्र्याक्टर दुर्घटना, पाँच जनाको मृत्यु

अछाम, १२ चैत । अछामको मेल्लेख गाउँपालिकामा ट्र्याक्टर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । मेल्लेख-७ नन्देगडाको सुयडीमा आज भएको सो दुर्घटनामा तीन जना घाइते भएका छन् ।

मृत्यु हुनेमा मेल्लेख-१ का ५५ वर्षीय रङ्ग धामी, १५ वर्षीय जनक धामी, ४५ वर्षीय प्रेम धामी, ३७ वर्षीय नरबहादुर धामी र २१ वर्षीय जनक धामी रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक अर्जुन साउदले जानकारी दिनुभयो ।

षोडशाबाट साँफेबगरतर्फ आउँदै गरेको ०१००२ त ४९७९ नम्बरको ट्र्याक्टर सुयडी नजिकै दुर्घटना भएको हो । दुर्घटनामा ४२ वर्षीय लालबहादुर धामी, ४० वर्षीय हंस धामी र १५ वर्षीय देवेन्द्र धामी घाइते भएका प्रहरी निरीक्षक साउदले बताउनुभयो । मृतक र घाइते एउटै वडाका बासिन्दा हुन् । घाइते तीनैजनालाई उपचारका लागि बयलपाटा अस्पताल लगिएको प्रहरीले जनाएको छ । ***रासस***

# गुरुङ समुदायले मनाए मैँ त्हँले

मुग्लिन (चितवन), १२ चैत । गुरुङ समुदायले मैँ त्हँले (धनुष वाण विद्या) पर्व मनाएका छन् । परापूर्वकालमा आफ्नो अस्तित्त्व रक्षा र सिकार गर्ने हतियार धनुषवाण चलाउने विद्या प्राप्त गरेको दिनका रूपमा मैँ त्हँले ( धनुष वाँण विद्या) पर्व आइतबार विभिन्न कार्यक्रम गरी देशभरका गुरुङ समुदायले मनाएका हुन् ।

यसैबिच चितवनका गुरुङ समुदायले नारायणी नदी किरनारमा जारी आदिवासी जनजाति सांस्कृतिक तथा व्यापारिक महोत्सवस्थल परिसरको गुरुङ घर प्राङ्गणमा धुमधामसँग यो पर्व मनाएका छन् । विगत वर्षझैँ यस वर्ष पनि गुरुङ समुदायको धार्मिक संस्था 'तमू प्ये ल्हु' सङ्घ चितवनको आयोजनामा धनुषवाण प्रतियोगिता गरी मैँ त्हँले पर्व मनाएको सङ्घका जिल्ला अध्यक्ष विक्रम गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार यो पर्व हरेक वर्ष फागुपूर्णिमाको तिथिमा पर्छ । यो पर्वको दिन धनुषवाण हान्ने, वर्छा हान्ने, छेलो फाल्ने, कुस्ती खेल्नेजस्ता खेलको आयोजना गरिन्छ । त्यसैगरी, खुकुरीजस्ता घरेलु हतियारको विधिवत् पूजा गरी खेल सुरु गरिन्छ । सिकारीयुगमा धनुषबाणको आवश्यकता र महत्त्व धेरै थियो । आदिमकालमा गुरुङहरूको महागुरुबाट शक्तिबाण (गुरुबाण) प्राप्त गरेपछि त्यसमा शक्ति छ कि छैन भनी परीक्षण गर्दा सफल भएको दिनका रूपमा यो पर्व मनाइँदै आएको छ । ***रासस***

# दादुरा-रुबेला खोप अभियानमा सूर्यविनायकलाई शत् प्रतिशत सफलता

**- दिपेन मानन्धर (प्रशिक्षार्थी)**

भक्तपुर, १२ चैत । सरकारले फागुन १३ गतेदेखि चैत ७ गतेसम्म सञ्चालन गरेको दादुरा-रुबेला खोप अभियानमा भक्तपुरको सूर्यविनायक नगरपालिकालाई शत् प्रतिशत सफलता मिलेको दाबी छ ।

अभियानमा नगर भित्रका करिब २१ हजार ५ सय बालबालिकालाई दादुरा-रुबेला विरुद्धको खोप लगाइएको सूर्यविनायक नगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख वसन्तप्रसाद चापागाईले बताउनुभएको छ । ५ वर्षमुनिका करिब ८ हजार ५ सय र ५ वर्षदेखि १५ वर्षसम्म उमेर समूहका करिब २२ हजार जना बालबालिकाहरूलाई अभियानअन्तर्गत खोप लगाएको उहाँले जानकारी दिनुभएको छ ।

खोप अभियानमा लक्षित समूहको निर्धारित सङ्ख्यालाई खोप लगाउन सफलता प्राप्त गरेका भक्तपुर जिल्लाका अन्य नगरपालिका क्रमश: मध्यपुर थिमी, भक्तपुर र चाँगुनारायण नगरपालिका रहेका छन् ।




**परम्परागत घरमा दर्शकको आकर्षण**

चितवनको नारायणी नदी किनारमा जारी आदिवासी जनजाति सांस्कृतिक महोत्सवमा निर्माण गरिएका परम्परागत घर र अवलोकनका लागि आएका दर्शक । महोत्सव अवलोकनका लागि आउनेहरूको रोजाइमा यहाँ निर्माण गरिएका परम्परागत घरहरू परेका छन् । *तस्बिर: कृष्ण आचार्य/रासस*

# साँगा-धुलिखेल सडक : खानेपानी र ढल व्यवस्थापनमा कठिनाइ

काभ्रेपलाञ्चोक, १२ चैत । अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक विस्तार योजनाको काम तीव्ररूपमा भइरहेको छ । तीन वर्षमा सक्ने गरी सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड विस्तार गर्न छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएअनुसार २०७९ फागुन १६ गतेदेखि साँगाबाट निर्माण थालिएको हो ।

सडक विस्तारका क्रममा बनेपा नगर र धुलिखेल नगरमा बिछ्याइएका खानेपानीका पाइप र ढल व्यवस्थापनमा कठिनाइ भएको छ । सूर्यविनायक-धुलिखेल-धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालका अनुसार यी दुई नगरमा सडकमुनि विभिन्न खानेपानी आयोजनाका पाइप र पुराना अव्यवस्थित ढलका पाइप बिछ्याइएकाले यसको व्यवस्थापनमा समस्या भएको छ ।

सूर्यविनायक-धुलिखेल कूल १५ दशमलव पाँच किलोमिटर लामो सडकमध्ये पहिलो चरणमा साँगादेखि धुलिखेलसम्म आठ दशमलव चार किमी सडकखण्ड विस्तार कार्यका एक वर्षअघि सुरु गरिएको थियो । आयोजनाअन्तर्गत सूर्यविनायक-साँगा सडकखण्ड भने सात दशमलव पाँच किमी रहेको छ । विशेषगरी बनेपा नगरको मुख्य बजार क्षेत्र पुल बजारदेखि बुडोलस्थित चण्डेश्वरी खोलासम्मको तीन दशमलव दुई किलोमिटर सडक दायाँबायाँ पुरिएका खानेपानी र ढल व्यवस्थापनमा चुनौती देखिएको इन्जिनियर खनालले बताउनुभयो ।

धुलिखेल नगरमा एक किलोमिटर ढलको व्यवस्थापनमा बढी समस्या देखिएको छ । खानेपानी र ढलको व्यवस्थापन गर्नुपर्ने देखिएपछि धुलिखेल, बनेपा नगर तथा काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनालाई अनुरोध गरी हाल धुलिखेल नगर क्षेत्रभित्रका खानेपानी र ढल व्यवस्थापनको काम गरिरहेको इन्जिनियर खनालले बताउनुभयो । धुलिखेलमा खानेपानीको व्यवस्थापनमा रु. एक करोड तथा ढल व्यवस्थापनमा रु. चार करोड खर्च हुने अनुमान गरिएको छ । सडक मापदण्डमा परेका खानेपानीका पाइप तथा घर स्थानान्तरण र भत्काउन सरोकारवालासँग विभिन्न चरणमा छलफल भएको छ ।

आयोजना कार्यालयका अनुसार उक्त राजमार्ग निर्माणको २५ वर्षपछि सूर्यविनायक-धुलिखेल सडकखण्ड चार लेनमा विस्तार थालिएको हो । आयोजनाको सुरुआतबाट सूर्यविनायकदेखि धुलिखेलसम्म नै सडक छेउमा पर्खाल निर्माणको काम भइरहेको छ भने विभिन्न स्थानमा हाल कल्भर्ट निर्माणको काम थालिएको छ । उक्त सडकखण्डको भैँसेपाटीमा संरचना निर्माणार्थ खन्दा पुरातात्विक वस्तु फेला परेपछि पुरातत्त्व विभागको निर्देशनअनुसार केही भागको काम रोकिएको छ ।

पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव चार किमी सडकखण्ड विस्तार कार्यका लागि रु. चार अर्ब पाँच करोड ६४ लाख तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक-साँगा सडकखण्ड रु. तीन अर्ब ८८ करोड ९३ लाखको सम्झौता भएको इन्जिनियर खनालले बताउनुभयो । साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि विस्तार थालिएको हो । चीनसँगको छोटो दूरीको सिन्धुपाल्चोकको तातोपानी नाका केही महिनाअघि खुला भएपछि यस राजमार्गमा सवारी चाप बढेको छ । ***रासस***

# ताप्लेजुङका किसान पुनः चिराइतो खेतीतर्फ

फुङ्लिङ (ताप्लेजुङ), १२ चैत । ताप्लेजुङका किसान चिराइतो खेतीतर्फ आकर्षित भएका छन् । चिराइतोको बजार मूल्य बढेसँगै उनीहरू यसतर्फ आकर्षिक भएका हुन् ।

फक्ताङलुङ गाउँपालिका-६ का केरसी लिम्बू पाँच वर्षपछि पुन: चिराइतो खेती गर्न थाल्नुभएको छ । उहाँसँग चिराइतो खेतीको लामो अनुभव छ । विगतका वर्षमा चिराइतो खेती नै मुख्य पेसा बनाउनुभएका लिम्बूले कोभिड-१९ को समयमा यसको बजार मूल्यमा ह्रास आएपछि खेती गर्न छोडेर अन्य पेसामा लाग्नुभएको थियो ।

फक्ताङलुङ गाउँपालिकाभित्र नै धेरै चिराइतो उत्पादन गर्ने लिम्बूले वर्षमा ६५ मन (४० किलो) सम्म चिराइतो उत्पादन गर्नुहुन्थ्यो । लामो समय चिराइतोको बजार मूल्यामा ह्रास आएसँगै बिक्री गर्न समस्या भएपछि अलैँची बगान विस्तार गर्न लागेको उहाँले बताउनुभयो । लिम्बूले अहिले १२ रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नका लागि तयारी गरिरहनुभएको छ ।

फक्ताङलुङ-६ लुङथुङका तीर्थ राई पनि अहिले हाल चिराइतोको बीउ छर्नमा व्यस्त हुनुहुन्छ । उहाँले खेताला खोजेर ३० रोपनी क्षेत्रफल झाडी फाँडेर चिराइतोका लागि जग्गा तयार गर्नुभएको छ । फाँडेको झाडीमा आगो लगाएर चिराइतो छर्नका लागि उपयुक्त जग्गा तयार गरेको राईले बताउनुभयो ।

राईले भन्नुभयो, "चिराइतोको बीउ तयार गरेको छु । अब एक हप्तापछि छर्ने योजना बनाउँदै छु । एक वर्ष त चिराइतो बिक्री नै भएन । त्यसपछि सबैले खेती गर्न छोडेका थिए । यस वर्ष गाउँमा नै प्रतिमन रु. ४२ हजारसम्ममा खरिद गर्ने व्यापारी आउनुभयो । तर गाउँमा उत्पादन न्यून थियो ।"

चिराइतोको उचित मूल्य आउने आशमा राईले दुई वर्ष अगाडि २० रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नुभएको थियो । आउँदो कार्तिकसम्ममा बिक्री गर्न योग्य हुने राईले बताउनुभयो । गत वर्ष उहाँले १६ रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नुभएको थियो । अहिले राईले ३० रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्न लाग्नुभएको छ ।

राईले भन्नुभयो, "अहिले लगाएको चिराइतो अबको २७ महिनामा उत्पादन हुने आशा छ ।"

केही समय किसानले चिराइतो खेती गर्न छोडेपछि अहिले बीउ पाउनसमेत मुस्किल परेको किसान बताउँछन् । विगत प्रशस्त मात्रमा पाइने चिरातोको बीउ अहिले प्रतिमाना रु. दुई हजार ५०० मा खरिद बिक्री हुने गरेको छ ।

फक्ताङलुङ-५ हेल्लोक गाउँका रविन आङबोहाङले चिराइतो खेती गर्न छोड्नुभएको चार वर्ष भएको थियो । तर, अहिले चिराइतो खेती गर्नका लागि उहाँ आठ रोपनी जग्गा तयार गर्नुभएको छ । "दुई वर्षयता चिराइतोको उचित बजार मूल्य पाइन थालेको छ । गाउँमा अहिले सबै चिराइतो खेती गर्ने तयारीमा छन् ।" आङबोहाङले भन्नुभयो, "अहिले बजार मूल्य राम्रो पाइने आशले गाउँका प्राय: सबै किसान खेती गर्न लागेका छन् ।"

चिराइतो छर्ने समय सुरु भएको छ । चिराइतोका लागि वनजङ्गल तथा झाडी फाँडेर १५ देखि २० दिन राख्नुपर्दछ । त्यसपछि सुकेको झाडीमा आगो लगाउनुपर्दछ । आगो लगाएको ठाउँमा केही दिनको अन्तरमा चिराइतो छर्नुपर्दछ । चिराइतोसँगै अन्य बालीसमेत किसानले लगाउने गर्दछन् । उनीहरूले मकै, घैया, कागुनी, लटेजस्ता रैथाने बाली लगाउने गर्छन् ।

ताप्लेजुङको हिमाली क्षेत्रमा बसोबास गर्ने किसानले चिराइतो खेती गर्दै आएका छन् । फक्ताङलुङ गाउँपालिका, सिरिजङ्गा, सिदिङवा र मिक्वाखोला गाउँपालिका विशेषरूपमा चिराइतो उत्पादन हुन्छ ।

डिभिजन वन कार्यालय ताप्लेजुङका अनुसार विगत दुई वर्षको तुलनामा यस वर्ष चिराइतो निकासीमा वृद्धि भएको छ । जिल्लामा चिराइतो उत्पादनमा कमी आएको भए पनि पछिल्लो तीन वर्षको तथ्याङ्कअनुसार यस वर्ष निकासीमा वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा पाँच हजार आठ सय २० किलो चिराइतो निकासी भएको छ । आ.व. २०७८/७९ मा तीन हजार दुई सय ८० किलो चिराइतो निकासी भएको थियो ।

यस्तै आ.व. २०७९/८० मा पाँच हजार आठ सय किलो चिराइतो निकासी भएको डिभिजनल वन अधिकृत बद्रीप्रसाद साहले जानकारी दिनुभयो । विसं २०७० यता ताप्लेजुङमा ३८ हजार किलो चिराइतो सङ्कलन भएको तथ्याङ्क छ । सो अवधिमा चिराइतोबाट रु. सात लाख ९६ हजार राजस्व सङ्कलन भएको थियो । ***रासस***

। सम्पादकीय ।

# कर्मचारी अपराधी निक्लनुमा राजनीतिक नेतृत्व उत्तिकै दोषी

कर्मचारीहरूले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने र त्यसैबापत राज्यले तिनीहरूलाई सेवा सुविधा र सुरक्षा उपलब्ध गराउने धारणा सामान्य नागरिकहरूको हो । तर, कर्मचारीहरूले देशको संविधान, कानुनहरू र नियमावलीले तोकेका आफ्नो जिम्मेवारी पूरा नगर्ने मात्र होइन, कर्मचारी स्वयम् अपराधमा संलग्न हुने प्रवृत्ति बढ्दै गएको छ । 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकले चैत १२ गतेको पहिलो पृष्ठमै समाचार प्रकाशन गऱ्यो - 'अपराध कर्ममा कर्मचारी ।' उक्त समाचारअनुसार पछिल्लो एक वर्षमा १० फरक-फरक कसुरमा सचिवसहित एक सयभन्दा धेरै कर्मचारीविरुद्ध प्रहरीले मुद्दा दायर गऱ्यो ।


निजामती कर्मचारीहरू भ्रष्टाचारसम्बन्धी मुद्दामा मात्र होइन, फौजदारी कसुरमा समेत पर्ने क्रम पनि बढेको छ । पछिल्लो एक वर्षमा प्रहरीले १० घटनामा सचिवसम्मका एक सयभन्दा धेरै कर्मचारीलाई पक्राउ गरी मुद्दा दायर गरेको छ भने थप केही कर्मचारीमाथि अनुसन्धान गरिरहेको छ । शरणार्थीका नाममा ठगीदेखि सहकारी ठगीसम्म, वैदेशिक रोजगारीमा पठाइदिने भन्दै अवैध रकम असुल्नेदेखि सुन तस्करहरूलाई सघाउनेसम्मका घटनामा कर्मचारी पक्राउ परेका छन् । पदीय जिम्मेवारीमै रहँदा गरेका कामका आधारमा कर्मचारीहरू धमाधम प्रहरी हिरासत पुग्न थालेका हुन् । यसले समग्र कर्मचारीतन्त्रको प्रतिष्ठा र सम्मानसमेत गुम्दै गएको छ ।

कर्मचारीहरूको अपराध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेका र समाचारमा आएका घटनामा मात्रै सीमित होलान् भनी मान्न सकिन्न । हिजोआज तस्करी र कैयौं गैरकानुनी गतिविधिहरूमा कर्मचारीहरूको प्रत्यक्ष र परोक्ष संलग्नता भएका र कतिपय त्यस्ता आपराधिक गतिविधिको योजनाकार नै सरकारी कर्मचारी हुने गरेका पुष्ट र अपुष्ट खबर आइरहेका छन् । यसो भनिरहँदा देशका सबै कर्मचारी अपराधी र बदमास भन्न खोजिएको पटक्कै होइन । बहुसङ्ख्यक कर्मचारीहरू इमानदार, कर्तव्यनिष्ठ, पेशागत आचरणमा प्रतिबद्ध छन् । एउटा रूखले वनै छेकिन्छ भन्ने उखानझैँ केही अपराधी र बदमास कर्मचारीहरूका कर्तुतले कर्मचारीहरूप्रतिको जनताको दृष्टिकोणमा आशङ्का र नकारात्मकता ल्याएको पक्कै हो ।

कर्मचारीहरू यसरी अपराधी निक्लनुमा कर्मचारीहरू स्वयम् जति दोषी छन्, आजसम्मका सरकारहरू र राजनीतिक नेतृत्व पनि उत्तिकै दोषी छन् । सरकारको नेतृत्व गरेकाहरूले कर्मचारीहरूको भर्ना, नियुक्ति, सरुवा र बढुवामा रकम (घूस) माग गर्ने नगरेको भए, राम्रा कामका लागि पुरस्कार र गलत कार्यका लागि दण्ड सजाय तत्कालै र इमानदारीपूर्वक लागू गरेको भए, कर्मचारीहरूलाई आफ्नो पार्टी निकट र विपक्षी निकट भनी पक्षपात नगरी कानुनअनुसार व्यवहार गरेको भए आफ्नो पार्टी निकट वा मन्त्रीलाई घूस र कमिसन पुऱ्याएकै आधारमा भ्रष्ट र आपराधिक प्रवृत्तिकाहरूलाई बढुवा र प्रोत्साहित नगरेको भए कर्मचारीहरूमाझ आपराधिक मानसिकता यति हर्लक्क बढ्ने थिएन ।

त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धिकरण विभाग आफ्नो स्थापनाको मर्म र निर्दिष्ट उद्देश्यअनुसार सक्रिय भइदिएको भए कर्मचारीहरू अपराध कर्ममा सामेल हुने आँट सायदै गर्ने थिए । नेपाली भाषामा उखानै छ - सिस्नु रोपेर तुल्सी उम्रिन्न । राजनीतिक र प्रशासनिक नेतृत्वले आफ्नो व्यक्तिगत र दलगत फाइदाका लागि अपराध कर्ममा लागेका कर्मचारीहरू इमानदार र कर्तव्यपरायण होलान् भन्ने सोचाइ राख्नु आफैमा मूर्खता सावित हुने देखिन्छ ।

# नबुझेको कि ढाँटेको ?



भैरव रिसाल

*कम्तीमा अदुवा, बेसार, गुन्द्रुक त अब आफै उत्पादन गर्न सक्नुपर्ने हो आफूलाई चाहिने जति, तर त्यतातिर गर्ने भन्नेहरूको पटक्कै ध्यान छैन । गर्ने भन्नेहरू नै अरूको हाहामा लाग्छन् । आफू निर्णय गर्न सक्दैनन् । यस्तो समाज कसरी अबको ६ वर्षमा मध्यम आय भएको अर्थतन्त्रमा उक्लन सक्ला ? यो मेरो गम्भीर प्रश्न हो, पार्टीका उच्च नेतृत्वमा आसिन उच्च नेताहरूलाई ।*

मध्यम आय भएको अर्थतन्त्र निर्माण गर्ने कुरा बकम्फुसे होइन, गम्भीर हो । मध्यम आय भएको अर्थतन्त्र सजिलैसँग निर्माण हुने भए यो संसार आज किन यसरी अल्मलिन्थ्यो र ? मध्यम आय भएको अर्थतन्त्र निर्माण भन्न त सजिलो छ तर गर्न निकै कठिन छ । त्यसमाथि पनि हाम्रो जस्तो अविकसित, चेतना कम भएको समाजमा मध्यम आय अर्थतन्त्र निर्माण गर्नु त्यति सजिलो विषय छैन । यसका लागि त समाजले नै आफूलाई समर्थन गर्न सक्नुपर्छ । तर, हाम्रो समाजको विश्लेषणात्मक व्याख्या गर्ने हो भने आजको नेपाली समाज पूर्ण समर्थनको लागि तयार छ ? भन्ने प्रश्न सहजै जसको मनमा पनि उब्जन सक्छ । यसको निम्ति कुनै पनि कुरा प्वाक्क बोल्नुहुँदैन । नत्र जनतामा अविश्वास बढ्छ । जनतामा विश्वास भएन भने मध्यम आय भएको अर्थतन्त्र निर्माण त कति उकालो कति ! कुनै पनि साधारण कुरा पनि सम्पादन गर्न सकिँदैन । आज मुलुक हिङ, गुन्द्रुक, मस्यौरा, ज्वानो, मेथीसमेत अर्को मुलुकबाट आयात गर्छ । कम्तीमा अदुवा, बेसार, गुन्द्रुक त अब आफै उत्पादन गर्न सक्नुपर्ने हो आफूलाई चाहिने जति, तर त्यतातिर गर्ने भन्नेहरूको पटक्कै ध्यान छैन । गर्ने भन्नेहरू नै अरूको हाहामा लाग्छन् । आफू निर्णय गर्न सक्दैनन् । यस्तो समाज कसरी अबको ६ वर्षमा मध्यम आय भएको अर्थतन्त्रमा उक्लन सक्ला ? यो मेरो गम्भीर प्रश्न हो, पार्टीका उच्च नेतृत्वमा आसिन उच्च नेताहरूलाई । भुइँबाट जे आयो त्यसैको पछि लाग्ने, त्यसैलाई हो हो भन्ने, सजिलो तरिकाले मुलुकको नेतृत्व गर्न सकिँदैन । यो कुरातिर नेतृत्वको गम्भीर ध्यान जानुपर्छ ।

**सजिलोसँग उत्पादन बढ्दैन**

देशमा अहिले पनि विदेश (भारत) बाट चामल आएन, मकै आएन, गहुँ आएन, कोदो आएन, भटमास आएन भने मान्छेको चुलोमा आगो मात्र नबल्ने होइन, कुखुराले दाना खान पाउँदैनन्, माछा भोकै मर्छन्, गाईभैँसीले कुँडो खान पाउँदैनन् । हाम्रो आफ्नो उत्पादनले हामी ३ करोड नेपाली लगभगको पेट भरिँदैन । यो भनेको असफलताको, निरीहताको असजिलो अवस्था हो । यस्ता असजिलो अवस्थामा कुन मुलुकले पो आर्थिक समुन्नति गरेको छ र ? यो वस्तुतथ्य हाम्रो राजनीति उच्च नेतृत्वले नबुझिएको हो वा बेवास्ता गरेको हो ? म भन्न सक्दिनँ । ६ वर्षमा मध्यम आय भएको अर्थतन्त्र निर्माणको कुरा सजिलो छैन । अर्थतन्त्र भनेको निश्चय नै सजिलो विषय होइन । अर्थतन्त्रका अनेक जलिटताहरू एउटा अर्कोसँग अल्झिएका हुन्छन् । अर्थतन्त्रका यी गाँठा सजिलोसँग सबैले बुझ्न सक्दैनन् । यहाँ त अरूले बुझेन बुझेन, स्वयं नेताहरूले पनि बुझ्न खोजेनन् । यस्ता संवेदनशील कुरा आत्मसात गर्ने नेतृत्वले गरेको कुरा हामी सर्वसाधारण जनताले कसरी पत्याउने ? ठुला कुरा गरेर धान फल्दैन, कोदो फल्दैन, मकै, भटमास फल्दैन । अन्न फल्नको लागि त समयमा पानी, मल, रेखदेख, किरा फट्याङ्ग्रा मार्ने, नयाँ बिउ र नयाँ साचेको थालनी हुनुपर्छ । हामीकहाँ दुई-तीन दसक अघिसम्म पनि समयमा मल पाइन्थ्यो, बिउ पाइन्थ्यो र काम गर्ने मानिस पनि पाइन्थे तर आज समयमा सजिलैसँग यी कुनै वस्तु पाइँदैनन् । तब कसरी उत्पादन बढ्छ ?

**नेपाली फूल बिकेन !**

म ६ वर्षभित्र मध्यम आय भएको अर्थतन्त्र निर्माण कसरी होला ? भनी परिस्थितिको छेउभित्तो हेर्छु तर कतै यो कुरा सम्भव देखिँदैन । राजनीतिक नेतृत्वले सम्भव नहुने बकम्फुसे कुरा गरेर, आफू पनि बकम्फुसे नै हुँ भन्ने चिनारी दिनमात्र हुन्छ । यस्ता हलुका एवं सारहीन कुरातिर हाम्रो मध्यम र तल्लो वर्गको नेतृत्व होइन, केन्द्रीय नेतृत्व पनि होसियार हुनुपर्छ । कुरा मात्र गर्न त सजिलो छ । कुराले त नेपाल उहिल्यै समृद्ध, सम्पन्न र सक्षम भइसक्नुपर्थ्यो तर यसो हुन सकेन । केही वर्षदेखि नेपाल निर्यात कम गर्छ । निर्यातभन्दा आयात एकदमै धेरै छ । स्वदेशी रकम यही आयातमा बाहिरिएको छ । यो कुरा नेतृत्वलाई पक्कै थाहा होला । थाहा छैन भने नेतृत्व विफल छ । देश आत्मनिर्भर होइन, परनिर्भर हुँदै छ । स्वदेशी रकम बाहिरिएको पनि हाम्रो नेतृत्वलाई थाहा हुनुपर्ने हो । कि थाहा छैन ? थाहा भए त्यो रोक्नेतिर किन ध्यान जाँदैन ? गएको तिहारमा विदेशी फूल यति धेरै भित्रिए नेपालको फूलले बिक्नै पाएन । भारतका फूलका थुङ्गाहरूले नेपालको फूल फस्टाउन पाएन । फूल पैसा दिने ठाउँमा त्यसै सुकेर खेर गयो । त्यस्तै, भारतको सस्तो आयातले सङ्कुचन हुनपुग्यो । यहाँ उत्पादित गोलभेडा सडकमा फाल्नुपर्छ । बन्दाकोपी बिक्री नभएर वा सस्तो भएर बन्दाकोपीमाथि ट्याक्टर लगाइन्न । वैदेशिक सहयोग हटाउने कुरा त कहाँ हो कहाँ ? जुटाउने दायित्व छ सरकारको । निर्यात नगरेर वा कम निर्यात गरेर कुन देश धनी भएको छ र ?

**गम्भीर हुनुहोस्, हलुका होइन**

बालुवाको देश इजरायल सम्पूर्ण युरोपमा गुलाबको फूल र दूध तथा दूधजन्य वस्तु बेचेर सम्पन्नता हासिल गरेको छ । इजरायलीहरू तातो पाएकोमा गर्व गर्छन् र प्रकृतिले हामीलाई माया गरेको छ । त्यसैले तातो दिएको हो भन्छन् । प्रकृतिले दिएको तातो वा चिसोलाई अधिकतमरूपमा मान्छेको लाभको लागि प्रयोग गर्ने सिप र कौशल टिप्न सिपालु हुनुपर्छ । सत्तासीन दलका नेताहरू सन् २०३० सम्म दिगो विकास हासिल गरी सम्मानजनक मध्यम आय भएको नेपाल बनाउन चाहन्छन् तर चाहनाले मात्र देश बन्दैन । बन्ने भए उहिल्यै बनिसक्थ्यो । संसारका थोरै मुलुकमात्र हाम्रो जस्तो अविकसित एवं पिछडिएका छन् । यो साङ्लो चुँडाल्नु छ ।

उत्पादन हुन पनि निर्यात गर्न सकिँदैन । निर्यात नगरी अर्थतन्त्र विकास हुन सक्दैन । यी कुरा भन्न र लेख्न सरल छ र तर गर्न गाऱ्हो छ । नेपालको अर्थतन्त्र ऋणमा डुबेको छ । खबौँखर्ब वैदेशिक ऋणको सावाब्याज वार्षिक नै चुक्त गर्नुपर्छ । अन्यथा, विदेशबाट पैसा आउँदैन । विदेशी पैसा नभए मुलुक थला बस्छ । यसर्थ, नेताहरू हो, अबको ६ वर्षमा मध्यम आय भएको अर्थतन्त्र निर्माण सम्भव छ, छैन, गम्भीर भएर पुनरावलोकन गर्नुहोस् र समयोचित कदम उठाउनुहोस् । नयाँ कुरा गरेर मात्र संसारमा ठुलो हुने भए, सम्पन्न हुने भए, सबै त्यसै गर्दथे । को पो पसिना चुहाउँथ्यो र ? यसर्थ, बकम्फुसे कुरामा नलागी यथार्थ एवं वस्तुगत कुरातिर लाग्नु नेतृत्वको दायित्व हो ।

# 'सिनचियाङ कार्ड' एक अवसरवादी, चीनविरुद्ध अतिरञ्जित राजनीतिक अभियान

✍ जेम्स स्मिथ

चीनको सिनचियाङ उइगुर स्वायत्त क्षेत्रमा फक्सवागन उत्पादन साइटको उपस्थिति लामो समयदेखि पेइचिङसँग जर्मनीको व्यापार र लगानी सम्बन्धलाई कमजोर पार्ने लक्ष्य राखेका चिनियाँ बाजहरूको तारो बनेको छ । यस क्षेत्रले अमेरिकी प्रायोजित 'छात्रवृत्ति' र अध्ययनहरूबाट बारम्बार आक्रमणहरूको सामना गरेको छ । विशेषगरी कम्युनिस्टविरोधी कट्टरपन्थी-एड्रियन जेन्ज, जसले चीनमा अमेरिकी सरकारद्वारा अनुदान प्राप्त अन्तर-संसदीय गठबन्धनको लागि काम गर्दछ, साथै राज्य विभागद्वारा अनुदानप्राप्त अस्ट्रेलियाली रणनीतिक नीति संस्थानहरूको आक्रमणको सामना गरेको छ ।

अरूहरूका बिचमा दुबै स्रोतहरू चीनले सिनचियाङमा तथाकथित 'जबरजस्ती श्रम' मा संलग्न रहेको दाबी गर्दै आक्रामक कथालाई अगाडि सारिरहेको छ । त्यस्ता आरोपहरूको लक्ष्य भनेको जबरजस्ती श्रमको संदिग्ध बहानामा सामानहरूलाई कालोसूचीमा राखेर आपूर्ति शृङ्खलाहरू चीनबाट बाहिर सार्ने अमेरिकी विदेश नीतिको लागि सहमति निर्माण गर्नु हो, साथै अमेरिकी संरक्षणवादी समाप्तिलाई अगाडि बढाउनु हो । यसले अमेरिकामा सिनचियाङमा उत्पादित वस्तुहरूमा पूर्ण प्रतिबन्ध लगाएको छ र सौर्य प्यानलहरूजस्ता प्रमुख रणनीतिक वस्तुहरूलाई लक्षित गरेको छ ।

यी संरा अमेरिका-प्रायोजित 'छात्रवृत्ति' र अध्ययनहरूको कुन्जी कहिल्यै 'प्रमाण' होइन तर प्रायः अनुमान हो । तिनीहरू निर्दोष साबित नभएसम्म दोषीमा आराम गर्छन् जसले यो सङ्केत गर्दछ कि यदि आपूर्ति श्रृङ्खलाको सानो भागले 'उदारतापूर्वक जबरजस्ती श्रमको रूपमा व्याख्या गर्ने' समावेश हुन सक्छ, तब सम्पूर्ण उत्पादन पूर्वनिर्धारितरूपमा सम्झौता हुन्छ । अब, जर्मन अटोमोबाइल निर्माता फक्सवागन दृढतापूर्वक आफ्नो दृष्टिमा छ, किनकि यसले सिनचियाङ क्षेत्रमा एउटा प्लान्ट बनाएको छ । त्यसकारण, ती उद्योग सङ्गठित चीनविरोधी लबीको निशाना बनेको छ जसले चिनियाँ बजारसँग जर्मनीको सम्बन्ध बिथोल्न यसलाई फिर्ता लिन चाहन्छ ।

प्रश्न यो छ : के वास्तवमा फक्सवागन र यसको आपूर्ति श्रृङ्खलामा कुनै जबरजस्ती श्रम संलग्न छ ? जवाफ छ-छैन र त्यहाँ यो प्रमाणित गर्ने अध्ययनहरू छन् । डिसेम्बरमा फक्सवागन-कमिसनले गरेको लेखापरीक्षणले सिनजियाङमा कम्पनीको साइटमा 'जबरजस्ती श्रम' को कुनै सङ्केत फेला नपारेको मात्र होइन, तर अझ महत्त्वपूर्ण कुरा, जर्मनीको वुर्जबर्ग विश्वविद्यालयका साइनोलोजिस्ट (चीनविज्ञ) ब्योर्न अल्परम्यानले एक अध्ययनलाई पुष्टि गरे जुन तथाकथित छ । 'जबरजस्ती श्रम' आरोपहरू 'निर्णयरूपमा प्रमाणित भएन ।' निस्सन्देह, अल्परम्यानको खोजहरू चाँडै नै अधिमान्य कथाको पक्षमा बहिरा कानमा परे कि त्यहाँ व्यवसायलाई कमजोर बनाउने प्रयासमा 'जबरजस्ती श्रम' गराइन्छ ।

अल्परम्यानले लिङ्कडइन लेखमा उद्धृत गरेझैं, "बाइडेन प्रशासन उद्योगहरूको पछि लागिरहेको छ ।" प्रतिबन्धहरूको लक्षित प्रयोगको माध्यमबाट चीनलाई 'निराश' गर्न खोज्छ । यो उल्लेखनीय छ कि वर्तमान जर्मन सरकारले पनि जर्मन उद्योग लबी समूहहरूको इच्छाविरुद्ध चीनबाट व्यापार सार्न सहजीकरण गर्न जोड दिइरहेको छ । र जर्मन सरकारले लगभग निश्चित रूपमा यसमा पनि भूमिका खेलेको छ ।

तथापि, मुख्यबिन्दु यो हो कि तपाईंले यो 'विवाद' लाई कसरी नाटकीय जस्तै फेसनमा मिडियामा समन्वित गरिएको छ भनेर देख्न सक्नुहुन्छ । जुन अपरिहार्य निष्कर्षमार्फत बाध्य हुने कथा उत्पन्न गर्न गरिएको हो । फक्सवागनलाई अचानक धेरै दिशाबाट लक्षित गरिएको थियो । यी सबैको पछाडि स्पष्ट, व्यापक राजनीतिक प्रयास थियो, कुनै वास्तविक प्रमाण वा जबरजस्ती श्रमको प्रमाणको अभाव थियो ।

के भएको छ भने सिनजियाङमा फक्सवागनको लगानीलाई राजनीतिकरूपमा कमजोर पार्ने एउटा सङ्घर्षपूर्ण अभियान चलाइएको थियो र उनीहरूलाई 'जबरजस्ती श्रम' आरोप लगाएर उनीहरूलाई 'खेल समाप्त' भएको फैसला सुनाइयो । यस्तो कुनै पनि 'जबरजस्ती श्रम' प्रयोग गरिएको छैन भन्ने देखाउने पूर्ण लेखा परीक्षण गरिए पनि यो भएको हो । तर, ध्यान दिनुपर्ने एउटा कुरा हो भने, 'सिन्जियाङ कार्ड' वास्तवमा मानवअधिकारको बारेमा कहिल्यै भएको छैन । तर, एक अवसरवादी, बढाइचढाइपूर्ण र राजनीतिक अभियान हो जुन आपूर्ति शृङ्खलाको मुद्दामा चीनलाई आक्रमण गर्न हतियारको रूपमा आउँछ र जान्छ । उत्पादन प्रतिबन्धहरू पनि जुन वास्तवमा संरक्षणवादद्वारा प्रेरित छन् । त्यसो गर्दा यसले तथ्यहरूलाई विकृत गर्छ र छद्म-छात्रवृत्तिको लागि विशेष स्थान दिन्छ ।


*(लेखक राजनीतिक तथा ऐतिहासिक सम्बन्ध विश्लेषक हुन् ।)*

***- 'ग्लोबल टाइम्स' बाट***
***अनुवाद : आरोही***

# चीन : विकसित या विकासशील देश ?

आर्थिक विकासको सन्दर्भमा चीनलाई हेर्ने विश्व दृष्टिकोण फरक-फरक छन्। केही पश्चिमा देशका विज्ञहरू चीनलाई विकसित देशको सूचीमा राख्नुपर्ने बताउँछन्। केहीले भने विकासोन्मुख र विकासशील देशकै रूपमा प्रस्तुत गर्दै आइरहेका छन्। चीन स्वयम्ले भने आफूलाई एउटा विशाल विकासशील देशको रूपमा स्वीकार्छ।

कुनै पनि देश विकसित वा विकासशील भनी छुट्याउने केही आधार छन्। चिनियाँ अर्थशास्त्री वाङ युआनहोङ (Wang Yuanhong) का अनुसार देशको साँचो विकासको मापन गर्नको



लागि समष्टिगत अर्थतन्त्र र प्रतिव्यक्ति मापकहरूको मूल्याङ्कन सबैभन्दा महत्त्वपूर्ण हुन्छ। चीनको कूलगार्हस्थ प्रतिव्यक्ति आम्दानी कम हुनु, सहर र गाउँबिचको खाडल कायम रहनु, औद्योगिक प्रतिस्पर्धामा अझै कमजोरी रहनु, प्राविधिक नविनतामा नेतृत्व गर्न नसक्नुले चीनलाई विशाल विकासशील देश भन्न मिल्छ तर विकसित देश भन्न मिल्दैन भन्ने ठम्याइ राख्दछन् राज्य सूचना केन्द्र (State Information Centre) का अर्थशास्त्री वाङ।

सुधार र खुलापनको ४० वर्ष लामो समयको अनुभवबाट चीन सापेक्षितरूपमा गरिब मुलुकबाट विश्वको दोस्रो ठुलो अर्थतन्त्र र विश्वको सबैभन्दा ठुलो वस्तुहरूको उत्पादकको रूपमा स्थापित हुन सफल छ। यद्यपि, सिन्ह्वा (Xinhua) स्पष्ट लेख्छ, 'विकसित अर्थतन्त्र भएको देशको रूपमा कहलिनका लागि चीनले अझै लामो यात्रा हिँड्न बाँकी छ।' *(चाइना दैनिक, जून ६, २०१८)*

चीनका ठुलठुला सहरहरूमा पुग्ने जोकोहीलाई चीन एक विकासशील देशमात्र होभन्दा विश्वास गर्न गाह्रो पर्छ तर चीनको आर्थिक वृद्धि असन्तुलित रहेको चर्चा पनि उत्तिकै छ। ग्रामीण भेगमा बसोबास गर्ने चिनियाँहरू अझै कठिनाइ र चुनौतीबिच जीवनयापन गर्छन्।

प्रत्येक घरको कुल आम्दानीको कति अनुपात खानाको लागि खर्च हुन्छ भनी मापन गर्ने एकाइ एन्जेल्स कोफिसियन्त (Engel's Cofficient) चीनमा २९.३ प्रतिशत छ। यो भनेको विकसित देशहरूको तुलनामा निकै उच्च हो। यसले के देखाउँछ भने चिनियाँ जनताले अझै आफ्नो आम्दानीको ठुलो भाग आधारभूत आवश्यकता पूर्तिमा खर्चनुपर्छ। संस्कृति, स्वास्थ्य उपचार, मनोरञ्जन र पर्यटनका लागि विकसित देशहरूको तुलनामा कम खर्च गर्छन् भन्ने तथ्याङ्क छ।

हालैको पाँच वर्षको दौरानमा गरिबी निवारणको अभियानमार्फत चीनले ६ करोड २० लाख जनतालाई गरिबीको रेखामुनिबाट उकास्न सफल भएको तथ्याङ्क छ। यद्यपि, ३ करोड चिनियाँ जनता (फ्रान्सको कुल जनसङ्ख्याको आधा भाग, लगभग नेपालको कुल जनसङ्ख्या) अझै पनि गरिबीको रेखामुनि रहन बाध्य छन्। केही चिनियाँ जनता जो चरम गरिबीको अवस्थाबाट भर्खर माथि उठेका छन्, तिनीहरू पनि आफ्नो दैनिक आधारभूत आवश्यकता पूर्तिको निम्ति सङ्घर्ष गर्दैछन्। चीन अझै पनि अन्य विकासशील र विकासोन्मुख देशहरूले भोगिरहेका समस्याहरू सामना गर्दैछ र सार्वजनिक सेवाको क्षेत्रको अभाव अहिले महसुस गरिइँदै छ भन्ने विश्लेषण केही चिनियाँ विज्ञहरूको हो।

सामान्यत: कुनै पनि देश विकसित या विकासशील हो भन्ने एउटा बलियो आधारको रूपमा कुल गार्हस्थ प्रतिव्यक्ति उत्पादन र आम्दानीलाई लिने गरिन्छ।

गत वर्ष चीनको कुल गार्हस्थ प्रतिव्यक्ति आम्दानी ८८०० अमेरिकी डलरमात्र थियो। यो विश्वको प्रतिव्यक्ति आम्दानीभन्दा १०००० अमेरिकी डलरले न्यून हो। यो संयुक्त राज्य अमेरिकाको प्रतिव्यक्ति आम्दानीको सात भागको एक भागमात्र हो।

एउटा विकसित देश कहलिनको निम्ति त्यस देशको प्रतिव्यक्ति आम्दानी १२७०० अमेरिकी डलरभन्दा माथि हुनुपर्ने र उच्च विकसित देश कहलिनको निम्ति ४०००० अमेरिकी डलरभन्दा माथि कुल गार्हस्थ प्रतिव्यक्ति आम्दानी हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ। चीन अझै पनि त्यो रेखाभन्दा निकै मुनि छ।

त्यसैगरी, चीनको उपभोग खर्च (Consumption Expenditure) पनि न्यून रहेको तथ्याङ्क छ। चिनियाँ प्रतिव्यक्ति उपभोक्ता खर्च २०१६ को तथ्याङ्कअनुसार २५०६ अमेरिकी डलर थियो, यो विश्वको औसतभन्दा आधामात्र हो भने संरा अमेरिकाको ७ प्रतिशतको हाराहारीमा मात्र हो।

२०१७ मा चीनको सहरीकरणको अनुपात ५८.५२ प्रतिशत थियो। यो विकसित देशहरूको तुलनामा ८० प्रतिशतभन्दा बढीले पछाडि छ। यसरी चीन विकसित देशहरूको तुलनामा विभिन्न क्षेत्रहरू जस्तै वातावरणीय सुरक्षा, लगानी प्रवर्द्धनमा चुस्तता, बजार अनुगमन आदिमा पनि पछाडि छ भन्ने मूल्याङ्कन चिनियाँ अर्थशास्त्रीहरूको हो। *(पेइचिङ, अप्रिल १६, २०१८)*

चीन तथ्याङ्कहरूमा केही विकसित देशहरूभन्दा पछि परे पनि विश्व अर्थतन्त्रको ठुलो भाग अब चिनियाँ अर्थतन्त्रले ओगट्ने क्रममा रहेको कसैले नकार्न सक्दैन। जनवादी गणतन्त्र चीन बलियो राजनीतिक व्यवस्था र उच्चस्तरको कूटनीतिको आधारमा अघि बढिरहेको तथ्य जगजाहेर छ। १ अर्ब ३० करोडभन्दा बढी अर्थात् संसारको जनसङ्ख्याको पाँच भागको एक भाग भएको देश चीनको प्रतिव्यक्ति आम्दानी दर कम हुनु स्वाभाविक हो र गाउँ नै गाउँले भरिएको देशको सहरीकरणको तथ्याङ्क उचो बनाउने कार्य सजिलो होइन भनी विश्लेषकहरू टिप्पणी गर्छन्। चीन गुणात्मक सहरीकरण, औद्योगिकरण, कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरणको बाटोमा दौडिरहेको यथार्थ हो।

सन् २०20 सम्मको आधारभूत सहरी संस्थाहरूको खाका तयार गरिएको छ। सन् २०३५ सम्ममा कृषिमा आधुनिकीकरण र सन् २०५० अर्थात् चिनियाँ क्रान्तिको एक सय वर्षमा चीनले चिनियाँ ग्रामीण क्षेत्रको पूर्णरूपले मुहार फेर्नेछ, कृषिलाई अझ विकास गर्नेछ, गाउँलाई सुन्दर बनाउनेछ र किसानहरूले सम्पन्नता हासिल गर्नेछन्। चिनियाँ गाउँमा पुनर्ताजगी गर्ने र २ सय वर्ष पुरानो चिनियाँ सपना अबको ३० वर्षमा पूरा हुने प्रक्षेपण छ। यान्त्रिकीकरण, आधुनिक खेती (वैज्ञानिक खेती), सहकारी संस्थाको सक्रियता, इन्टरनेटको प्रयोगले कृषि उत्पादनलाई बजारसँग जोड्ने, कृषिमा आधारित उद्योगहरूको स्थापना, एक गाउँ-एक औद्योगिक नगरको विकासले किसानहरूको जीवनस्तर उठ्नेमा चिनियाँ विज्ञहरू विश्वस्त छन्। साथै चिनियाँ ऐतिहासिकता र सांस्कृतिक पहिचानको जगेर्नाले किसानहरूलाई सांस्कृतिकरूपमा पनि सम्पन्न बनाउनेछ। *(चिनियाँ दैनिक १९ जुन, २०१८)*

चीनको अन्तर्राष्ट्रिय व्यापार सम्बन्ध निकै अगाडि छ। राजनीतिक हस्तक्षेप र कुनै पनि देशको सार्वभौमिकतालाई चोट नपुऱ्याउने नीतिअनुसार नै चीन अघि बढिरहेको सर्वविदितै छ। जुन ५, २०१८ को चिनियाँ दैनिकले लेखेको छ, "चीनसँगको सम्बन्ध सशक्तिकरणले ल्याटिन अमेरिकी तथा क्यारेबियन देशहरूले आफ्नो आर्थिक विकास एवम् विभिन्न अवसरहरू प्राप्त गर्ने निश्चित छ।"

चीनले ल्याटिन अमेरिकी र क्यारेबियाली देशहरूका लागि खोलेको त्यो ढोकाले समग्र मेक्सिको, ब्राजिल र अर्जेन्टिनाजस्ता देशहरूको अर्थतन्त्रमा विविधता र सम्पन्नता ल्याउन अवसर सिद्ध हुने सिन्ह्वा न्यूज एजेन्सीले बतायो। विशेषत: चिनियाँ लगानी, चिनियाँ प्रविधि, सामानहरू र वित्तीय कारोबार विस्तारमा ती देशहरू चीनबाट लाभान्वित हुनेछन् भने चीन आफू पनि यो सम्बन्धबाट बलियो बन्दै जाने कुरामा दुईमत छैन।

यसरी अर्थतन्त्र, व्यापार, लगानी, अन्तर्राष्ट्रिय सम्बन्ध, राजनीति, वातावरणीय सुरक्षालगायतका मुद्दाहरूमा चीनले अगुवाइ गरिरहेको यसबाट पनि देखिन्छ।

चीनले दक्षिण एसिया नीतिलाई पनि सशक्त ढङ्गले अगाडि बढाइरहेको छ। अरु देशमाथि शोषण होइन सहयोग गर्नुपर्ने नीतिअनुरूप नै चीन सहयोग र सेवाको अन्तर्राष्ट्रिय राजनीति गरिरहेको छ। कमजोर र विकासोन्मूख देशहरूलाई आर्थिकरूपमा सक्षम र बलियो बनाउने प्रयास चीन गर्दैछ।

यसरी विकासशील र विकासोन्मूख देशहरूलाई पनि सहयोग गर्ने, अन्य देशहरूको अर्थतन्त्र बलियो होस् भनी ती देशहरूबाट आयात धेरै गर्ने, विश्व बजारमा आफ्नो सामग्रीहरूको अत्यधिक निर्यात गर्ने चीन कसरी विकासशील देश हो भन्ने अर्को तर्क पनि छ।

चीनमाथि दादागिरी देखाउने अमेरिकी प्रयासहरू थुप्रै भए। तर, ती सबै असफलतामा टुङ्गिए। चीन-संयुक्त राज्य अमेरिकाबिचको सम्बन्ध एक अर्काको स्वार्थका लागि भन्दा पनि विश्व शान्ति र विकासका निम्ति आवश्यक छ। यद्यपि, साम्राज्यवादी संरा अमेरिकाले आफ्नो धुर्त्याइँ पटकपटक देखाइरहेको छ। त्यसको एउटै मात्र कारण चीनको द्रुत विकास हो।

चिनियाँ नेताहरूले कैयौँपटक चीनको उदय शान्तिपूर्ण हुने र हालको अन्तर्राष्ट्रिय व्यवस्था (Order) परिवर्तन गर्ने कुनै नियत नभएको दोहोऱ्याइरहँदा पनि चीनलाई संरा अमेरिकाले आफ्नो सर्वोच्चता माथिको ठुलो खतराको रूपमा लिइरहेको छ। *(चिनियाँ दैनिक, जुन ७, २०१८)*

संरा अमेरिकाले छेडेको व्यापार युद्धको घाटा ऊ आफैँले बेहोर्नुपर्ने भएपछि जुन ४, २०१८ का दिन चीन र संरा अमेरिकाबिच व्यापार वार्ता भयो जसले सकारात्मक सङ्केत गरेको देखिन्छ। शान्त तथा धैर्यपूर्वक कदम चाल्ने चीनको नीतिका कारण यो वार्ता सम्भव भएको बताइन्छ। उक्त व्यापार सम्झौताको आधारमा चीनले अमेरिकाको व्यापार घाटा न्यूनीकरण गर्ने, रोजगारी सृजनामा सहयोग गर्ने भएको छ। यसले दुवै देशको व्यापार अग्रगामी बाटोतर्फ उन्मुख रहेको देखाउँछ। यद्यपि, त्यही वार्तालाई पश्चिमा प्रचारमाध्यमहरूले अनुत्पादनमुखी वार्ताको संज्ञा दिए।

चीन आफ्नो देशको उच्च गुणस्तरीय विकासका आवश्यकताहरू, सुविधा सम्पन्न जीवनयापनका निम्ति संरा अमेरिका लगायतका देशहरूबाट आयात गर्न इच्छुक भने अवश्य छ। तर, चीन आफ्नो क्षेत्र, आफ्नो स्वाभिमानमाथि प्रहार भयो भने एक इञ्च पनि पछि नहट्ने ढङ्गबाट तयार छ। यसकारण प्रश्न उठ्न सक्छ विश्वको पहिलो आर्थिक शक्ति, संयुक्त राज्य अमेरिकासँग पटक्कै नझुक्ने बरु प्रतिस्पर्धा गर्ने देश चीन कसरी विकासशील ?

'एक क्षेत्र एक मार्ग अगुवाइ' (BRI) को माध्यमबाट चीनले सम्पूर्ण विश्वकै अर्थतन्त्रमा टेवा पुऱ्याउने, विश्वकै विकासोन्मुख देशहरूलाई गरिबी, असमानता, अभावको दलदलबाट माथि उठाउने सपना देखेको छ। त्यसको निम्ति चीन आफ्नो राजनीतिक व्यवस्थाको बलियो जगमा अर्थतन्त्रलाई गुणात्मक प्रगतितर्फ अघि बढाउन प्रयत्नरत छ। आपसी हित 'वीन वीन' नीतिको आधारमा विश्वलाई नै सहयोग गर्न तयार चीनको अहिलेको आर्थिक वृद्धिले के देखाउँछ भने चीन विश्व अर्थतन्त्रको इन्जिनमात्र होइन, नेतृत्वकर्ता बन्नेछ।

यसरी कुनै पनि देश विकासशील वा विकसित हुनुभन्दा पनि त्यो देशको अन्तर्राष्ट्रिय र राष्ट्रिय नीतिहरू धेरै महत्त्वपूर्ण हुन्छन्। चीनलाई आफू विकासशील कहलिनुमा कुनै घाटा छैन। पश्चिमा देशहरूले चीनलाई विकसित देशहरूको सूचिमा हुनुपर्ने भनी प्रचारबाजी गर्नुमा तिनीहरूको नियत र स्वार्थ बुझ्न निश्चय पनि गाह्रो छैन। विकसित देश संरा अमेरिकालाई उछिन्न तयारीमा रहेको चीन आफैँ भन्छ, "चीन अझै विकासशील देश हो, विकसित देश बन्न अझ लामो हिँड्न बाँकी छ।"

***'मजदुर-किसान' पूर्णाङ्क - २१***

# अमेरिकी जनता व्यापार युद्धको मारमा

वासिङ्टनले चिनियाँ वस्तुहरूमा सुरुमा तोकेको करको दर बढाएर दोब्बरभन्दा माथि पुऱ्याउने पश्चिमा सञ्चार माध्यमले जनाएको छ। वासिङ्टनको उक्त अभिव्यक्तिपश्चात् चिनियाँ परराष्ट्रमन्त्रीले अगस्ट १, २०१८ का दिन भन्नुभयो, "यदि संरा अमेरिकाले द्विपक्षीय व्यापार सम्बन्धमा अझै पनि बाधा खडा गर्छ भने चीनले स्वाभाविकरूपमा प्रतिकारका पहलहरू गर्नेछ।"

राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले वास्तविक करको दर १० प्रतिशतबाट बढाएर २५ प्रतिशत पुऱ्याउने र २ खर्ब (200 billion) अमेरिकी डलर बराबरको चिनियाँ सामानहरूमा कर वृद्धि गर्ने उक्त प्रतिवेदनले खुलाएको छ। थुप्रै सञ्चार माध्यमहरूले त्यस प्रतिवेदनको प्रचार गरिसकेको हुँदा संरा अमेरिकाको योजना सतहमा आएको भन्न मिल्छ।

संरा अमेरिकाको व्यापारमाथिको दबाब, बलमिच्चाइ र मोलमोलाइले काम गर्दैन। यदि संरा अमेरिकाले फेरि पनि व्यापार असमझदारी र झमेला लम्ब्याउने कदमहरू चाल्छ भने चीनले देश अनुकूलको व्यापार प्रतिकार अवश्य पनि गर्नेछ। अन्तर्राष्ट्रियरूपमा कानुनप्रदत्त अधिकारहरूको सुनिश्चितताका लागि चीन पछि नहट्ने भनाइ चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता गेङ सुआङ (Geng Shuang) ले एक पत्रकार सम्मेलनमा बताउनुभयो।

उहाँले जोड दिनुभयो, "चीनले सदैव वार्ता र परामर्शहरूको माध्यमबाट व्यापार उतारचढावहरूको सन्तुलन र समाधान गर्ने गरेको छ। तर, वार्ता समानता र आपसी सम्मानका आधारमा हुनुपर्छ।"

गएको जुलाई १० का दिन संरा अमेरिकाले घोषणा गरेको दोस्रो चरणको कर वृद्धिले २ खर्ब (200 billion) अमेरिकी आयात कर बढेको देखिन्छ। दोस्रो चरणको कर वृद्धि गरिइँदा प्रभावित चिनियाँ सामग्रीहरूमा स्टिल र आल्मुनियमजन्य उत्पादनहरूदेखि बिरालोको आहार र बेसबल पञ्जाहरू समेत पर्छन्।

संरा अमेरिकाको व्यापार प्रतिनिधिमूलक कार्यालयले अगस्ट ३० भित्रमा पहिलो चरणको कर वृद्धिका विषयमा अन्तिम सार्वजनिक टिप्पणी सङ्कलन गर्ने मिति तोकेको थियो। यसरी सार्वजनिक सुनुवाइमार्फत टिप्पणी सङ्कलन गर्न थप कार्यक्रम अगस्ट २० देखि २३ सम्म राखियो।

हङकङको चिनियाँ विश्वविद्यालय अर्थशास्त्र विषयका उपप्राध्यापक सेङ लिउगाङ (Sheng Liugang) ले जोड दिएर भन्नुभयो, "२२ प्रतिशत सामानहरूमा थप कर लगाउनु भनेको उपभोक्ता उत्पादनमा कर लगाउनु हो। दैनिक उपभोग्य वस्तुहरूमा कर लगाउँदा प्रत्यक्ष र सिधा असर संरा अमेरिकी नागरिकहरूमाथि पर्छ।"

हिजो संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनको प्रशासनले चीनसँगको व्यापार युद्धबाट आफ्नो राष्ट्र अमेरिकालाई र अमेरिकी जनतालाई कुनै प्रकृतिको कष्ट र अप्ठेरो आउँदैन भनी गरेको प्रतिज्ञा असत्य भएको छ। अमेरिकी नागरिकहरूमाथि व्यापार युद्धको प्रत्यक्ष असरले यही भन्छ।

संरा अमेरिका चीनबाट आयात हुने सामग्रीहरूमा अत्यन्त उच्च मात्रामा निर्भर छ। विशेषत: उपभोग्य वस्तुहरू र औद्योगिक उपकरणहरूमा संरा अमेरिका चीनसँग निर्भर रहेको बताइन्छ। अर्थमन्त्रालयबाट सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय व्यापार र आर्थिक साझेदारीको चिनियाँ एकेडेमी (Chinese Academy of International Trade and Economic Cooperation) र वैदेशिक व्यापार अनुसन्धान केन्द्रका निर्देशक लियाङ मिङ (Liang Ming) भन्नुहुन्छ - व्यापार युद्धको प्रत्यक्ष प्रभाव अमेरिका स्वयम् भोग्दैछ।

करिब ६ हजार ३१ किसिमका चिनियाँ वस्तुहरूमा कर लगाएको मध्ये ६७ किसिमका चिनियाँ वस्तुहरूमा संरा अमेरिकाको पूर्ण निर्भरता रहेको अन्तर्राष्ट्रिय व्यापार अनुसन्धान केन्द्रले जनायो। करिब १२७ किसिमका चिनियाँ वस्तुहरूमाथि संरा अमेरिकाको निर्भरता ९० देखि १०० प्रतिशतसम्मको छ। करिब १९३ किसिमका चिनियाँ वस्तुहरूमा संरा अमेरिका ८० देखि ९० प्रतिशतले निर्भर छ। करिब २०७ किसिमका वस्तुहरूमा ७० देखि ८० प्रतिशत र करिब ११५० किसिमका वस्तुहरूमा ५० प्रतिशत र सोभन्दा माथिको निर्भरता संरा अमेरिकाको हो भन्ने तथ्याङ्क छ।

संरा अमेरिकाले आयात गर्ने चिनियाँ मध्यवर्ती उत्पादनहरूमा अतिरिक्त कर थोपर्नु भनेको संरा अमेरिकाको घरेलु उद्योगहरूको उत्पादन लागत बढाउनु हो। जसको मार संरा अमेरिकी उपभोक्ताहरूलाई नै पर्छ, कारण उक्त उत्पादन लागत उपभोक्तासँगै असुल गरिन्छ।

पेइचिङ आधारित ट्रान्सकन्टिनेन्टल व्यवस्थापन कन्सल्टेन्सी (Beijing–based Transcontinental Management Consultancy) मा वैदेशिक लगानी विभाग (Foreign Investment Department) का व्यवस्थापक उ तोङशो (Wu Dongxo) ले विज्ञहरूलाई ट्रम्प प्रशासनका यी कर चुनौती वा खतरालाई राजनीतिक प्रकाशमा राखी विश्लेषण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

यदि ट्रम्पले छेडेको यस व्यापार युद्ध आर्थिकरूपमा तर्कहिन छ र फाइदाजनक छैन भने यो व्यापार युद्ध संरा अमेरिकाको लागि राजनीतिक स्वार्थबाट प्रेरित हुन सक्नेमा उहाँ जोड दिनुहुन्छ। यसरी संरा अमेरिकाले शङ्खघोष गरेको व्यापार युद्ध पछाडि चीनको राजनीतिक व्यवस्था भत्काउने निहित स्वार्थ पनि हुन सक्ने विश्लेषण हुँदैछ। यदि यो सत्य हो भने वार्ता गरेरै मात्र पनि समाधान निस्कन्न बरु वार्ता लामो तथा निष्फल हुनसक्ने बताइएको छ।

चीनको राज्यनियन्त्रित तथा सरकार स्वयम्को स्वामित्वमा उत्पादनका मुख्य क्षेत्रहरू सञ्चालित छन्। बजार नियन्त्रित उद्योगहरू कम छन्। तर, संरा अमेरिकामा ठिक उल्टो निजी र नाफाकेन्द्रित कम्पनीहरू आफ्नो स्वार्थ अनुकूल सञ्चालित छन्। संरा अमेरिकाको निजी कम्पनीहरूले नाफा बढोत्तरी गर्न खोज्नु स्वाभाविकै हो। चीन र संरा अमेरिकाबिचको व्यापार युद्धले राज्यनियन्त्रित उद्योगहरूको उत्पादन र निजी उद्योगहरूको उत्पादनबिचको द्वन्द्वलाई पनि छर्लङ्ग्याएको छ। राज्यनियन्त्रित भएकै कारण उद्योगहरू उत्पादनमुखी र सेवामुखी छन्। अमेरिकाको टाउको दुखाइ यहीनेर हो।

***चाइना दैनिक, २ अगस्ट, २०१८***
***China Daily, August 2, 2018***

**स्रोत : चीनविरुद्ध संरा अमेरिकी व्यापार युद्धबारे**




अष्ट्रेलियाको सिड्नीमा इजरायली स्वामित्वको शिपिंग कम्पनीबाट जहाज अनलोड गर्नदिएकोविरुद्ध विरोध प्रदर्शनका क्रममा अस्ट्रेलियाको सबैभन्दा ठूलो बन्दरगाहमा धर्ना दिँदै प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरू मार्च २४, २०२४ का दिन। सिड्नीको पोर्ट बोटनीमा सरकारको सेनाका लागि हतियार ढुवानी गर्ने इजरायली कार्गो जहाजको आगमनको विरोध गरिरहेका प्यालेस्टाइन समर्थक कार्यकर्ताहरूसँग अस्ट्रेलियाली प्रहरीले झडप गरेको छ।

*तस्बिर : प्रेस टिभी*

# जापानी प्रधानमन्त्री किशिदाद्वारा शिखर वार्ताका लागि प्रजग कोरियाली नेता किमसँग आग्रह

सियोल, २५ मार्च (एएफपी)। जापानका प्रधानमन्त्री फुमियो किशिदाले प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनसँग शिखर वार्ताका लागि आग्रह गरेको प्रजग कोरियाले जनाएको छ।

प्रजग कोरियाका सर्वोच्च नेता किमकी बहिनीले जापानी प्रधानमन्त्री किशिदाले आफ्ना दाजुसँग शिखर वार्ता गर्न अनुरोध गरेको सोमबार पुष्टि गर्नुभएको हो।

लामो समयदेखि चलिरहेको अपहरण विवाद र प्रजग कोरियाको प्रतिबन्धित हतियार कार्यक्रमसहित दुई देशबिचको सम्बन्ध ऐतिहासिकरूपमा तनावपूर्ण छ। तर, किशिदाले हालै सम्बन्ध सुधार गर्ने इच्छा व्यक्त गर्नुभएको छ। प्योङयाङले जापानी प्रधानमन्त्री किशिदाको आग्रहबारे कुनै औपचारिक प्रतिक्रिया दिइनसकेको जनाएको छ।



गत वर्ष किशिदाले प्रजग कोरियाली समूहले सन् १९७० र १९८० को दशकमा जापानी नागरिकको अपहरण गरेको घटनालगायत सबै विवाद समाधान गर्न टोकियो इच्छुक रहेको भन्दै आफू बिनासर्त किमसँग भेट्न तयार रहेको बताउनुभएको थियो।

प्रजग कोरियाली समाचार संस्था (केसीएनए) ले नेता किम यो जोङले जारी गरेको विज्ञप्तिलाई उद्धृत गरी लेखेको छ, "प्रधानमन्त्री किशिदाले प्रजग कोरियाली नेता किमसँग जतिसक्दो चाँडो व्यक्तिगतरूपमा भेट्ने आफ्नो इच्छा व्यक्त गर्नुभएको छ।"

प्रजग कोरियाली नेतृ किम यो जोङले गत महिना जापानी नेतालाई प्रजग कोरिया भ्रमणका लागि प्योङयाङले निमन्त्रणा दिन सक्ने सङ्केत गर्नुभएको थियो। उहाँले भन्नुभयो, "टोकियोको तर्फबाट ठोस नीतिगत परिवर्तनबिना, गलत बुझाइ र अविश्वासले भरिएको द्विपक्षीय सम्बन्ध सुधार गर्न असम्भव रहेको कोरिया-जापान सम्बन्धको इतिहासले पाठ सिकाएको छ।"

उहाँले जापान अपहरणको मुद्दामा मात्र तल्लीन रहने हो भने किशिदाको सम्बन्ध सुधार्ने आशा पूरा नहुने बताउनुभयो। किशिदाले केसीएनएको प्रतिवेदनबारे आफूलाई कुनै जानकारी नभएको र त्यसको विषयवस्तुबारे प्रत्यक्ष टिप्पणी नगर्ने सोमबार बताउनुभएको तर प्रजग कोरियासँगको उच्चस्तरीय वार्तालाई 'महत्त्वपूर्ण' भन्नुभएको थियो।

सन् १९७० र १९८० को दशकमा भएका अपहरणको घटनालाई सङ्केत गर्दै किशिदाले संसद्मा भन्नुभयो, "जापान-प्रजग कोरिया सम्बन्धका लागि अपहरणको मुद्दाजस्ता समस्या समाधानका लागि उच्चस्तरीय वार्ता महत्त्वपूर्ण छ। यही कारण हामीले उत्तर कोरियासँग प्रत्यक्षरूपमा पदीय हैसियतअनुसार विभिन्न दृष्टिकोणहरू बनाइरहेका छौं र यसबारे मैले विगतमा विषयहरूलाई राखिसकेको छु।"

उहाँले थप्नुभयो, "यो प्योङयाङको वार्ता गर्नका लागि शिखर सम्मेलन पूर्वसर्तहरू निर्धारण गर्न जापान कत्तिको गम्भीर छ भनेर परीक्षण गर्ने तरिका हो।"

जापानका पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीले सन् २००२ मा प्योङयाङको ऐतिहासिक भ्रमण गरी किमका पिता किम जोङ इलसँग भेट गर्नुभएको थियो।

यस भ्रमणले पाँच जना जापानी नागरिकहरूको फिर्ती र कोइजुमीको अनुवर्ती भ्रमणको नेतृत्व गरेको थियो। तर, प्रजग कोरियाले अपहरण पीडितहरूको बारेमा स्पष्ट कुरा नआउने टोकियोको चिन्ताको कारण कूटनीति चाँडै बिग्रिएको थियो।

नेता किमकी बहिनी (जोङ) ले भन्नुभयो, "किशिदाले चाहेको र निर्णय गरेको अवस्थामा हाम्रो राज्य नेतृत्वलाई भेट्न असम्भव छ भनेर सोच्नुपर्दैन।"

"यदि जापान वास्तवमै द्विपक्षीय सम्बन्ध सुधार गर्न चाहन्छ र प्रजग कोरियाको नजिकको छिमेकीको रूपमा क्षेत्रीय शान्ति र स्थिरता सुनिश्चित गर्न योगदान गर्न चाहन्छ भने उसले आफ्नो समग्र हितअनुरूप रणनीतिक विकल्पका लागि राजनीतिक निर्णय लिन आवश्यक छ," उहाँले भन्नुभयो।

# सोमालियाको जेलमा रहेका ३३ इरानी रिहा

तेहरान, १२ चैत (सिन्हवा)। सोमालियाले इरानमा थुनामा रहेका ३३ जना इरानी मछुवा र डुङ्गा चालकलाई रिहा गरेको सरकारी समाचार संस्था इरनाले आइतबार जनाएको छ।

केन्याका लागि इरानका राजदूत अली घोलमपुरले रिहा भएका इरानीहरूलाई आफ्नो देशमा स्थानान्तरण गर्न लागिएको जानकारी दिँदै सोमालियाका अधिकारीहरूले वर्षौंको कूटनीतिक गतिरोधपछि इरानसँगको सम्बन्धलाई पुनर्जीवित गर्ने प्रक्रियामा अघि बढ्न तत्परता व्यक्त गरेको बताउनुभयो।

घोलमपुरले सोमालियाले इरानी नाविक र मछुवाहरूको रिहाइले द्विपक्षीय सम्बन्ध पुनः सुरु गर्न सकारात्मक वातावरण सिर्जना गर्न र इरान र सोमालियाबीच रचनात्मक अन्तरक्रिया र संवादका लागि मार्गप्रशस्त गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "दुवै पक्षको एजेन्डामा प्राथमिकताहरूमध्ये एक मत्स्य सहयोग सम्झौताको मस्यौदा गर्नु हो जसले द्विपक्षीय हितको रक्षा गर्न सक्छ र सोमालियाद्वारा इरानी माछा मार्ने जहाजहरूको कब्जाको पुनरावृत्ति रोक्न सक्छ।"

इरानका अनुसार सन् २०२३ को ग्रीष्मऋतुमा सोमालियाले इरानीहरूलाई वैध अनुमतिबिना हिन्द महासागरमा काम गरेको आरोपमा पक्राउ गरेको थियो र पछि उनीहरूलाई ६ वर्षको जेल सजाय र लाखौं अमेरिकी डलर जरिवानाको सजाय सुनाएको थियो। सन् २०१६ मा 'सोमालियाको आन्तरिक मामिलामा इरानको निरन्तर हस्तक्षेप' को कारण देखाउँदै सोमालियाले इरानसँग सम्बन्ध तोडेको थियो।

## विश्व सङ्क्षेप

### इन्डोनेसियामा पहिरो जाँदा एकको मृत्यु, नौ बेपत्ता

जकार्ता, २५ मार्च (सिन्हवा)। इन्डोनेसियाको पश्चिम जाभा प्रान्तस्थित गाउँमा आइतबार पहिरो जाँदा एक जनाको मृत्यु हुनुका साथै बालबालिकासहित नौ जना बेपत्ता भएको स्थानीय अधिकारीले सोमबार बताएका छन्।

पश्चिम बान्डुङ रिजन्सीको सिबेन्डा गाउँमा आइतबार करिब दुई घण्टासम्म भारी वर्षा भएपछि पहिरो जाँदा उक्त दुःखद घटना भएको स्रोतले जनाएको छ। पश्चिम बान्डुङका कार्यवाहक रिजेन्ट अर्सन लतिफले पहिरोमा नौ जना गाउँलेहरू पुरिएको आशङ्का गरिएको बताउनुभएको छ। यसै क्रममा उद्धारकर्ताहरूले सोमबार बिहान पहिरो र घरको भग्नावशेषबाट एक मृत महिलालाई निकालिएको उहाँले बताउनुभयो।

उहाँले दुर्घटनामा दर्जनौं घरहरू ध्वस्त भएपछि करिब ४०० गाउँलेहरू अस्थायी आश्रयस्थलमा शरण लिन पुगेका छन्।

### साठी लाख अफगानीलाई सहायता वितरण

काबुल (अफगानिस्तान), २५ मार्च (एएनआई)। फेब्रुअरीमा अफगानिस्तानमा ६० लाख मानिसहरूले खाद्य सहायता प्राप्त गरेको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) लाई उद्धृत गर्दै अफगानी समाचार संस्था खामा प्रेसले जनाएको छ। डब्लुएफपीले शनिबार अफगानिस्तानमा ६० लाखभन्दा बढी मानिसलाई नगद र खाद्यान्न सहायता उपलब्ध गराएको छ।

प्रेस विज्ञप्तिअनुसार अफगानी बालबालिकालाई खाना तथा पोषण उपलब्ध गराउने आवश्यकता पूरा गर्न यो सहायता प्रदान गरिएको हो। केही निजी दाता र सहयोगी देशहरूको आर्थिक सहयोगमा अफगानिस्तानमा खाद्य सहायता प्रदान गरिएको समाचारमा जनाइएको छ।

अफगानिस्तानमा आर्थिक चुनौती र मानवीय सङ्कटले खाद्य सहायताको माग बढेको सरकारी तथा गैरसरकारी स्रोतहरूले जानकारी गराएपछि यूएनडब्ल्यूएफपीको सहकार्यमा सहायता प्रदान गरिएको हो। पछिल्लो समयमा गम्भीर मानवीय सङ्कटबिच अफगान शरणार्थीहरू पाकिस्तानबाट ठूलो सङ्ख्यामा स्वदेश फर्किरहेका छन्।

मुलुकमा जारी द्वन्द्व र आर्थिक अस्थिरतासहित अफगानिस्तानको बिग्रँदै गएको मानवीय सङ्कटले धेरै शरणार्थीहरूलाई अनिश्चित अवस्थाको बाबजुद स्वदेश फिर्ता गर्न प्रेरित गरेको खामा प्रेसले जनाएको छ।

शरणार्थीहरू स्वदेश फर्केसँगै उनीहरूले खाना, आश्रय र स्वास्थ्य सेवाजस्ता आधारभूत आवश्यकताहरूमा सीमित पहुँचसहित विशाल चुनौतीहरूको सामना गरिरहेका छन्। शरणार्थीहरूले अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो मातृभूमिमा चलिरहेको सङ्कटबिचमा अफगान शरणार्थीहरूको सुरक्षा र कल्याण सुनिश्चित गरी पुन : वास र एकीकरण प्रयासहरूलाई सहयोग पुऱ्याउन तत्काल सहयोग प्रदान गर्न आग्रह गरिरहेका छन्।

### मङ्गोलियामा आँधीबेहरीको चेतावनी

उलान बाटोर (मङ्गोलियामा), २५ मार्च (सिन्हवा)। मङ्गोलियाको मौसम विज्ञान र वातावरणीय अनुगमन निकायले सोमबार तीव्र हावा र धुलोको आँधीबेहरीको चेतावनी जारी गरेको छ।

मङ्गलबारदेखि शुक्रबारसम्म देशको दक्षिणी गोबी मरुभूमि प्रान्तहरू उम्नुगोबी, डुन्डगोबी र डोर्नोगोबीमा तीव्र हावा र पहेँलो धुलोको आँधी आउने आशङ्का गरिएको छ। हावाको गति लगभग ६१ किलोमिटर प्रतिघण्टा नाघेको मौसम अनुगमन निकायले जनाएको छ। निकायले सर्वसाधारणहरूलाई सम्भावित प्रकोपविरुद्ध अतिरिक्त सावधानी अपनाउन चेतावनी दिएको छ।

मङ्गोलियामा कठोर महाद्वीपीय जलवायु भएकाले वसन्तमा हिउँ पर्ने तीव्र हावा र धुलोसहितको आँधीबेहरी आउने सम्भावना बढी हुन्छ।

वातावरण तथा पर्यटन मन्त्रालयका अनुसार हालैका वर्षहरूमा मङ्गोलियामा धुलोसहितको आँधीबेहरीको बढ्दो आवृत्तिको पछाडि जलवायु परिवर्तनसँग सम्बन्धित मरुभूमीकरण मुख्य कारक हो। मङ्गोलियाको सरकारी तथ्याङ्कअनुसार मङ्गोलियाको कुल क्षेत्रको करिब ७७ प्रतिशत जमिन मरुभूमीकरण र वातावरणीय विनासको असरबाट प्रभावित छ।

### श्रीलङ्कामा बेरोजगारी दरमा सामान्य कमी

कोलम्बो, चैत १२ (सिन्हवा)। श्रीलङ्काको आधिकारिक बेरोजगारी दर सन् २०२३ को अन्तिम त्रैमासिकमा ४.३ प्रतिशतमा झरेको श्रीलङ्काको तथ्याङ्क विभागले जानकारी गराएको छ। अघिल्लो त्रैमासिकमा उक्त दर ४.७ प्रतिशत रहेको थियो।

विभागले देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को तेस्रो त्रैमासिकमा १.६ प्रतिशत र २०२३ को चौथो त्रैमासिकमा ४.५ प्रतिशतले विस्तार भएको उल्लेख गरेको छ।

अर्थतन्त्रको सबैभन्दा खराब सङ्कटलाई व्यवस्थापन गरिएसँगै अहिले श्रम बजारमा मानिसले अवसर खोज्न थालेको विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ। सङ्कटको प्रभावका कारण हालसम्म धेरै कम्पनीहरूले आफ्ना पूराना कामदारलाई सेवा निवृत्त गर्नुका साथै नयाँ रोजगारीका अवसरलाई रोकेका थिए।

अहिले देशको अर्थतन्त्रले सुधारको सङ्केत देखाउँदै पुनःलयमा फर्किन थालेको छ। विगत दुई वर्षमा श्रीलङ्कामा सामूहिक बसाइँसराइ देखेको र कम्पनीहरूले रोजगारीमा पुनः नयाँ भर्ना गर्न थालेका तर नयाँ भर्नामा योग्य कामदारको कमी देखिन सक्ने विभागले जानकारी गराएको छ।

विभागले ४.३ प्रतिशतको आधिकारिक बेरोजगारी दरले पूर्ण रोजगारीको नजिक प्रतिबिम्बित गरेको र यसले श्रम बजार अवस्थालाई कसिलो भएको पनि सङ्केत गरेको विभागले उल्लेख गरेको छ।

# जाँगरले भरिएका पाखुराहरू

मधु शाही

काठमाडौँ । हँसिलो मुहार अनि जोसिलो व्यवहार । उमेरले नौ दशक टेक्नुभएकी गणेशमाया नेवार्नीको मूल स्वभाव हो । पाटन निवासी उहाँलाई देख्नेहरू झुकिन्छन् । किनकि उहाँको कर्मप्रतिको सक्रियताले उमेरै छोपिदिन्छ । उहाँ भन्नुहुन्छ, "सकुञ्जेल कामै गर्ने हो, मागेर खाने बानी छैन ।"

पाटनढोका नजिकै रहेको चौतारा मुनि उहाँको दिनचर्या बित्छ । वरिपरि चना, बदाम, मकै र भटमास खानेकुरा बिछ्याएर राख्नुहुन्छ । बोली तोते छ । सुन्न र बुझ्न कठिन छ । अलि चर्को स्वरले बोले मात्रै सुन्नुहुन्छ । उहाँका केही पुराना ग्राहक छन्, जसले इसारामै सबै बुझ्छन् । बेच्न राखेका सामान हाउभाउमै बिक्री गर्नुहुन्छ, गणेशमाया ।

दस वर्षभन्दा बढी भयो उहाँ त्यही चौतारामा बसेर व्यापारी जीवन बिताएको । जन्माएका सन्तानमध्ये दुई छोरा उहाँकै आँखा अघि बिते । बाँकी एउटा छोरो छ, घरको बाँच्ने आधार । छोराको एक्लो सङ्घर्ष देख्न गणेशमायाको मनले मान्दैन । छोरालाई सघाउन र आफू आत्मनिर्भर हुन फुटपाथमा व्यापार रोजेको बताउनुहुन्छ उहाँ । उहाँ थप्नुहुन्छ, "छोराले सबै सामान किनेर ल्याइदिन्छ, अनि यही पिपल चौतारामुनि छोडिदिन्छ । दिनभरि केही नभए पनि हजार रूपैयाँ जति कमाउछु ।"

आँखा कमजोर हुनुबाहेक गणेशमायाको शरीरमा कुनै गम्भीर रोग छैन । दिनभरि बसेर व्यापार गर्नु पर्दा कहिलेकाहीं कम्मर दुख्छ । उहाँले त्यसको आफ्नै उपचार अपनाउनु भएको छ । बाल्हहाते पटुकी कसेर व्यापार बस्नुहुन्छ । काम गरी खान उमेर बाधक हुँदैन भन्ने गणेशमायाको जीवनी धेरैका लागि प्रेरणा बन्ने गरेको छ ।

गणेशमायाकै छेउमा कागती, अदुवा, अमला, खुर्सानीजस्ता सामग्री बेच्न बस्नुभएकी मनमाया लामाको सक्रियता अझै लोभलाग्दो छ । उमेरले ७० नाघेकी उहाँ आफैं कलङ्की पुगेर होलसेलमा सामान ल्याउनुहुन्छ । उहाँको सहयोगी कोही छैन । भएका छोराबुहारी आफ्नै जीवनयापनमा व्यस्त छन् ।

मनमाया सर्लाहीबाट दुई दशकअघि काठमाडौँ आएको सम्झनुहुन्छ । कुन समय उहाँलाई यकिन छैन । तर, बाढीले सबै घरबार बगाएपछि बेघर भएर उहाँ जिउ पाल्न सन्तानसहित काठमाडौँ पस्नुभएको थियो । पाटनमा बस्ने उहाँ एउटा कोठाको पाँच हजार रूपैयाँ भाडा तिर्नुहुन्छ । उहाँ सुनाउनुहुन्छ, "दिनभरि सुतेर बस्नुभन्दा दुई-चार रूपैयाँ कमाउ हुन्छ । हातखुट्टा चलुन्जेल कामै गरेको निको लाग्छ ।" मनमायालाई खित्काछोडी हास्न निकै मन पर्छ ।

गणेशमाया र मनमाया त्यही चौतारामा व्यापार खुब जमेको बेला एकअर्काको अनुहार हेरेर मस्त हाँस्नुहुन्छ । कहिलेकाहीँ सोचेजस्तो हुँदैन । त्यसबेला उसै गरी उदास पनि हुनुहुन्छ । मनमाया र गणेशमायाले जीवन सरल बनाउने सूत्र जान्नुभएको छ । मनमाया सुनाउनुहुन्छ, "खुसी हुने भनेको अरुको लोभ नगर्ने, आफू मेहनत गर्ने ।"

लमजुङ घर भएकी धनकुमारी घले ६४ वर्षको पुग्नुभयो । छोराछोरीले राम्रै कमाउँछन् । खान लाउन दुःख छैन । तर, उहाँ काम नगरी बस्न हुन्न । छोराले गाडीको ग्यारेज खोलेका छन् । त्यही ग्यारेजको छेउमा उहाँ नाङ्लोभरि बदाम राखेर बेच्नुहुन्छ । हरियो मकैको याममा मकै राख्नुहुन्छ । यति मात्रै होइन, उहाँ एक्लै हिँडेर कालीमाटी पुग्नुहुन्छ सामान किन्न । औषधिको नाममा अहिलेसम्म सिटामोलबाहेक अरु केही खानुपरेको छैन धनमायालाई ।

उहाँका श्रीमान् मानसिक रोगले पीडित हुनुहुन्छ । उनको स्याहारसमेत गर्न भ्याउनुभएकी धनमाया जीवनमा कहिल्यै हरेस नखाने सुनाउनुहुन्छ । बढ्दो महँगीले छोराछोरीले जति कमाए पनि अपुग हुने अवस्था छ । बुढाबुढी भएपछि उल्टै स्याहार्नु पर्ने झन्झट उहाँले सन्तानलाई दिन चाहनुहुन्न । धनकुमारी भन्नुहुन्छ, "अहिलेका छोराछोरीलाई जीउ पाल्न दुःखै छ । हाम्रो पालामा जस्तो सस्तो र सजिलो छैन ।"

धनकुमारीको विचारमा बुढौलीले छोए पनि दिनभरि त्यतिकै बस्नुभन्दा केही न केही सक्ने काम गर्नु स्वास्थ्यको लागि हितकर हुने अनुभव सुनाउनुहुन्छ । बिहानै ४ बजे उहाँको निद्रा खुल्छ । सबै सुतिरहेको बेला उहाँ उठेर कालीमाटी हाटबजारमा व्यापार गर्ने सामग्री किन्न पुग्नुहुन्छ । आफूले कमाएको पैसाले नातिनातिनालाई आवश्यक परेको खानेकुरा, लुगाफाटा र कापीकलमसमेत किनिदिनुहुन्छ ।

काठमाडौँमा उहाँलाई कुनै बेला दुई रूपैयाँमा एक पाउ खसीको मासु किनेको याद छ । श्रीमानले उतिबेला जागिर गरेर ६० रूपैयाँ तलब पाउनुहुन्थ्यो । त्यही रूपैयाँमा पूरै घरखर्च चल्थ्यो र बचत पनि हुन्थ्यो । अहिले महँगाइले आकाश छोएको छ । घरका सबैले मिलेर कमाउँदा समेत खान हम्मेहम्मे हुने धनमाया सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मैले आफ्नो खर्च जुटाए भने पनि छोराछोरीलाई धेरै राहत हुन्छ ।"



बुढानीलकण्ठ घर भएका इन्द्रबहादुर मिजार उमेर बढेसँगै शरिरमा आलस्य छाउन दिन नहुने मान्यता राख्नुहुन्छ । बुढौलीमा मन फूर्तिलो बनाउन नियमित शारीरिक व्यायाम जरुरी छ । उहाँ बिहानै उठेर अनिवार्य बिहानीको हिँडाइमा जानुहुन्छ । पूजापाठ गरेर व्यवसायमा सक्रिय हुनुहुन्छ । उहाँले बाँसबारी छाला जुत्ताचप्पल कारखानामा १३ वर्ष जागिर गर्नुभयो । जागिरे जीवनमा हुँदा उहाँले आफैँले जुत्ता सिउने सीप सिक्नुभएको थिएन ।

उमेर छिप्पिँदै गएपछि जागिर खानु उचित लागेन । आफ्नै लागि केही गर्ने सोच बनाउनुभयो । सार्की समुदायमा पुर्ख्यौली पेसा जुत्ता सिलाउने काम उहाँले सिकेको थिएन । तर, पछि अरुको हेरेर जुत्ता सिलाउने काम सिक्नुभयो । अहिले आफ्नै पसल सञ्चालन गरेर बस्नुभएको छ । उहाँ भन्नुहुन्छ, "सीप महत्त्वपूर्ण हुनेरहेछ । बुढौलीमा काम आएको छ ।"

इन्द्रबहादुर अलि पुराना पुस्ताका हुनुहुन्छ । उहाँले सिलाउने जुत्ता, चप्पलको डिजाइन पुरानै शैलीका छन् । समयको मागअनुसार आधुनिक शैलीका जुत्ता सिलाउनुपर्छ । ग्राहकको माग अनुसारको सामग्री दिन नसक्दा उहाँ अलि चिन्तित हुनुहुन्छ । उहाँलाई परम्परागतभन्दा आधुनिक सीप सिकाइमा तालिम लिन पाए आम्दानी राम्रो बनाउन सकिने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "आधुनिक सीप सिक्ने मन छ, वडाले तालिम दिन्छ रे सुनेको छु, मैले अहिलेसम्म लिन पाएको छैन । उमेर ढल्किदै गए पनि सिक्ने रहर उस्तै छ ।"

भक्तपुरका नारायणकाजी कासिछ्वा निजामती कर्मचारीबाट स्वेच्छाले निवृत्त हुनुभयो । दुई दशक जिल्ला शिक्षा अधिकारीको रूपमा अनुभव बटुल्नुभएको छ । जागिर छोडेर घरमै बस्ने मनसाय उहाँको थिएन । ६१ वर्षको उमेरसम्म नारायणकाजीले जागिरे जीवनमा भन्दा बढी कार्य अनुभव सँगाल्ने अवसर पाउनुभएको थियो । विभिन्न स्कूलमा पुगेर शैक्षिक सामग्री उपलब्ध गराउनेदेखि, आवश्यक शिक्षक तालिम दिने, विद्यालयप्रति विद्यार्थीको मनोबल बढाउने, मनोपरामर्श दिनेजस्ता कार्य गर्दै आउनुभएको छ ।

यतिबेला उहाँको अधिकांश समय विद्यालयको अनुगमनमा बित्छ । उहाँ भन्नुहुन्छ, "अबको शिक्षा शैलीमा व्यवहारिकता जरुरी छ । विद्यार्थी, शिक्षक र विद्यालयको समग्र गुणस्तर सुधार्ने तालिम दिँदै आएको छु ।" नारायणकाजीले जागिर छोड्दा धेरैले सोच्ये, अब घरमै सुतीसुती खाने होला भनेर । नारायण यो सोचको ठीकविपरीत मत राख्नुहुन्छ । शरिरले साथ दिँदासम्म कर्म गर्नुपर्छ । उहाँका छोरा, बुहारी अस्ट्रेलियामा बस्ने गर्दछन् । ९० वर्षकी आमा र पत्नीको स्याहार गर्ने जिम्मेवारी पनि नारायणकाजीमै छ ।

नारायणलाई उहाँकी आमाले नै सिकाएको पाठ छ, शरीरले भ्याउँदासम्म कर्म गर्न नछोड्नु भन्ने । त्यसैलाई आत्मसात् गरेका नारायण आफू स्वस्थ रहनुको मूल कारण पनि कर्ममा सक्रिय हुनु हो । उहाँ सुनाउनुहुन्छ, "बुढौली उमेर बेकार हुँदैन । त्यतिबेला परिवारको व्यवस्थापन पनि भइसकेको हुन्छ, आफ्नो खुसीले जिउने समय भनेकै यही उमेर हो ।" नारायणकाजी आफ्नो पाक्दै गरेको उमेर भरपुर उत्साहका साथ बिताउन सिपालु हुनुहुन्छ । हरेक दिन सिक्ने र सिकाउने काममा सक्रिय बताउनुहुन्छ । सक्रियता र व्यस्तताले उमेरको बारे सोच्ने फुर्सद नै छैन उहाँलाई । अधिकांश ज्येष्ठ नागरिक फुर्सदमा तास खेलेर, नसा खाएर, दुःखी भएर नकारात्मक जीवन शैलीमा फसेका मात्र हुँदैनन्, अनेक रोगव्याधीबाट पनि ग्रस्त हुने गर्दछन् । त्यस्तो कार्यबाट आफूले आफूलाई बचाउन सकारात्मक सोच र सही बानी बसाल्न जरुरी रहेको उहाँ बताउनुहुन्छ ।

जोरपाटीका श्यामसुन्दर खतिवडाले निजामती कर्मचारीको अवकाशपछि ज्येष्ठ नागरिकमा आउने उदासी र छटपटीको गहिरो अनुभूति गर्नुभयो । बुढ्यौलीले छुँदा व्यर्थ समय मान्दै मानसिक समस्या झेल्नु पर्ने, सबैको हेला हुनुपर्ने अवस्थाबाट जोगिन उहाँले एउटा उपाय अपनाउनुभएको छ । हरेक महिनाको ८ गते जोरपाटीस्थित चामुण्डा मन्दिरमा वरिपरिका ज्येष्ठ नागरिक भेला गराई उनीहरूलाई खुसी बनाउने विभिन्न रोचक क्रियाकलाप गराउन सुरु गर्नुभयो । उहाँ भन्नुहुन्छ, "केटाकेटीको जन्मोत्सव सबैले मनाउँछन्, बुढाबूढीको खासै वास्ता गरिँदैन परिवारमा । हामी सबै मिलेर त्यो दिन बुढाबुढीको जन्मोत्सव बनाउँछौं, नाच्छौं, गाउँछौं र मज्जाले हास्छौं ।"

श्यामसुन्दरका अनुसार उमेर ढल्किदै जाँदा परिवारको माया र साथको खाँचो हुन्छ । अहिले व्यस्त छोराछोरीले आमाबुबालाई समय निकाल्न कठिन छ । जसको कोही छैन र वेसहारा बुढाबुढीको सहारा बनेर सहयोगी साझेदारी गर्न श्यामसुन्दरले भेला गर्ने गरेको बताउनुभयो ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार कुल जनसङ्ख्याको १० दशमलव २१ प्रतिशत जनसङ्ख्या ज्येष्ठ नागरिक रहेको छ । २९ लाख ७७ हजार तीन सय १८ ज्येष्ठ नागरिकमध्ये १५ लाख ३३ हजार चार सय ११ महिला छन् भने १४ लाख ४३ हजार नौ सय सात सङ्ख्या पुरुष छन् । वृद्धवृद्धाका क्षेत्रमा कार्यरत संस्था एजिङ नेपालका निर्देशक प्रकाश गौतमका अनुसार ज्येष्ठ नागरिकको कुल जनसङ्ख्याको ९.२२ प्रतिशत ज्येष्ठ नागरिक स्वस्थ र सक्रिय अवस्थाका छन् । उहाँहरू सक्रिय भएर परिवारमा र राष्ट्रको टेवामा सहभागी भइरहेका छन् ।

औसत आयु ८० वर्ष पुग्दै गर्दा ६० वर्षमा अवकाश पाउने नागरिकले फेरि काम गर्न चाहेमा त्यसअनुसार रोजगारीको व्यवस्था हुन नसक्नुले ज्येष्ठ नागरिकमा कठिनाइ आएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "बुढो हुनु भनेको कमजोर हुनु मात्र होइन, उसको भूमिकामा परिवर्तन आउनु हो । ज्येष्ठ नागरिकलाई रोजगारको वातावरणमा सहुलियत हुने कार्यक्रम ल्याउन जरुरी छ ।" त्यस्तै, बुढाबुढीले परिवारमा नातिनातिना हुर्काइ दिएर, घर रुँघेर, भान्सा सम्हालिदिएर बिनापारिश्रमिक काम गरेको भए पनि त्यसको उचित सम्मान भने परिवार र राज्यले दिन नसकेको प्रकाशको भनाइ छ । राज्य र परिवारले ऊर्जावान ज्येष्ठ नागरिकको सीप र क्षमताको कदर गर्न आवश्यक रहेको उहाँ बताउनुहुन्छ । रासस

# अपाङ्गता भएकाको साक्षरता दर न्यून

प्रकाश सिलवाल

काठमाडौँ, १२ चैत । भौगोलिक विकटता, सामाजिक विभेद र अपाङ्गमैत्री शिक्षा प्रणालीको अभावमा अपाङ्गता भएका जनसङ्ख्यामध्ये आधामात्र साक्षर रहेको देखिएको छ ।

मुलुकको कूल साक्षरता दर ७६ दशमलव २ प्रतिशत रहँदा अपाङ्गता भएका व्यक्तिको साक्षरता दर ५० दशमलव १ प्रतिशत मात्र छ । अपाङ्गता भएका महिलाको साक्षरता दर अझै न्यून छ । कूल अपाङ्गता भएका जनसङ्ख्याको ३८ दशमलव ५ प्रतिशतमात्र महिला साक्षर रहेको छ । 'राष्ट्रिय जनगणना २०७८' को जनगणनामा सङ्कलित तथ्याङ्कका आधारमा सार्वजनिक गरिएको अपाङ्गसम्बन्धी तथ्याङ्कीय प्रतिवेदनमा यो तथ्य उजागर भएको हो ।

अघिल्लो जनगणना २०६८ मा अपाङ्गता भएका व्यक्तिको साक्षरता दर ४३ दशमलव २ रहेको थियो । उक्त जनगणनाअनुसार पुरुषको साक्षरता दर ५२ दशमलव २ र महिलाको ३३ दशमलव ७ रहेको थियो । हालै सार्वजनिक प्रतिवेदनसँग तुलना गर्दा साक्षरता दर सुधारोन्मुख देखिए पनि उत्साहजनक नदेखिएको सरोकारवालाको भनाइ छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय अपाङ्ग महासङ्घ (एनएफडिएन) ले संयुक्तरूपमा प्रकाशन गरेको 'राष्ट्रिय जनगणना २०७८ अपाङ्गसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन' ले कूल जनसङ्ख्याको २ दशमलव २ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गताको लक्षण देखिएको छ । प्रतिवेदनअनुसार मुलुकभर अपाङ्गता भएका जनसङ्ख्या छ लाख ४७ हजार सात सय ४४ छ । पाँच वर्ष वा सोभन्दा माथि उमेर समूहका छ लाख २१ हजार चार सय २३ जनसङ्ख्यामध्ये तीन लाख ११ हजार छ सय ३० जनसङ्ख्यामात्र साक्षर छन् ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको जनसङ्ख्या शाखाका प्रमुख ढुण्डिराज लामिछानेले २०७८ सालको जनगणनामा पहिलोपटक अपाङ्गताको खण्डीकृत तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको बताउनुभयो । प्रमुख लामिछानेले भन्नुभयो, "महासङ्घसँगको तथ्याङ्कीय विश्लेषणले एक हदसम्म अपाङ्गता क्षेत्रको अपूरो तथ्याङ्कलाई पूरा गरेको छ ।"

बाह्र प्रकारका अपाङ्गतालाई विभाजन गरी विश्लेषण गरिएको प्रतिवेदनमा सबैभन्दा बढी साक्षर दृष्टिविहीन रहेका छन् । पूर्ण दृष्टिविहीनमध्ये ६३ दशमलव ३ प्रतिशत साक्षर छन् । यो समूहमा पुरुष ७० दशमलव ४ र महिला ५६ दशमलव ३ प्रतिशत साक्षर छिन् । बौद्धिक अपाङ्ग भएका सबैभन्दा कम साक्षर छन् । यो समूहका कूल २० दशमलव ४ प्रतिशत जनसङ्ख्यामात्र साक्षर छन्, त्यसमा पुरुष २२ दशमलव ८ र महिला १७ दशमलव ८ रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, शारीरिक अपाङ्गता भएकामध्ये ५९ दशमलव ९ प्रतिशत साक्षर छन् । पुरुष ६८ दशमलव ३ र महिला ४७ दशमलव ८ प्रतिशत साक्षर रहेका छन् । न्यूनदृष्टि भएका ४४ दशमलव ६ प्रतिशत साक्षरमध्ये पुरुष ५९ दशमलव ६ र महिला ३० दशमलव ५ प्रतिशत छन् । राष्ट्रिय अपाङ्ग महासङ्घका प्रवक्ता रमेश पोखरेलले पूर्ण दृष्टिविहीनको तुलनामा न्यूनदृष्टिविहीनको साक्षरता दर न्यून हुनुमा उनीहरूले सवलाङ्ग नागरिकसँगै बसेर पढ्नुपर्ने, उही पाठ्यक्रम र उही शैक्षिक सामग्रीको साहारा लिनुपर्ने बाध्यता भएको बताउनुभयो । पूर्ण दृष्टिविहीनको लागि ब्रेललिपिको व्यवस्था, अलग्गै कक्षाकोठा, होस्टलको प्रबन्ध आदिका कारण पढ्न सहज भएकाले यो समूहको साक्षरता दर पनि राम्रो भएको पोखरेलको भनाइ छ ।

प्रतिवेदनअनुसार बहिरा भएकाको साक्षरता दर ४० दशमलव ४ प्रतिशत रहेकामा पुरुषको ५० दशमलव ५ र महिलाको २९ दशमलव २ रहेको छ । सुस्त श्रवण भएकाहरूको साक्षरता दर ४१ दशमलव ५ रहेकामा पुरुषको ५४ दशमलव ३ र महिलाको २८ दशमलव ४ प्रतिशत रहेको छ । यसैगरी, श्रवण दृष्टिविहीनको साक्षरता दर ४४ दशमलव ९ रहेकामा पुरुषको ५६ दशमलव १ र महिलाको ३२ दशमलव ४ प्रतिशत रहेको छ । स्वर र बोलाइसम्बन्धी अपाङ्ग भएकाको साक्षरता दर ३८ दशमलव ८ छ, त्यसमा पुरुषको ४४ दशमलव ५ र महिलाको ३१ दशमलव ४ प्रतिशत रहेको छ ।

मानसिक वा मनोसामाजिक अपाङ्ग भएकाको साक्षरता दर ४६ दशमलव ३ प्रतिशत रहेकामा पुरुषको ५३ दशमलव ९ र महिलाको ३७ दशमलव ७ प्रतिशत रहेको छ । हेमोफोलिया भएकाहरूको साक्षरता दर ६६ दशमलव १ रहेको छ, त्यसमा पुरुषको ७६ दशमलव ७ र महिलाको ५६ दशमलव ४ प्रतिशत रहेको छ ।

यस्तै अटिजम भएकाको साक्षरता दर ३० दशमलव ४ रहेको छ, जसमा पुरुषको ३८ दशमलव ८ र महिलाको २३ दशमलव ६ प्रतिशत रहेको छ । बहुअपाङ्ग भएकाको साक्षरता दर ४७ दशमलव ९ प्रतिशत छ भने ५३ दशमलव १ र महिलाको ४१ दशमलव १ साक्षरता देखिन्छ ।

महासङ्घका अध्यक्ष देवीदत्त आचार्यले अपाङ्गताको खण्डीकृत तथ्याङ्क सार्वजनिक भएसँगै अपाङ्गता भएका व्यक्तिले सामाजिक जीवनमा विभेदपूर्ण ढङ्गले पाइरहेका अनेक प्रकारका अवसरबारे जानकारी भएको बताउनुभयो । अध्यक्ष आचार्यले भन्नुभयो, "यस क्षेत्रमा हामीले अहिलेसम्म समग्रतामा तथ्याङ्क सङ्कलन र प्रकाशन गरेका थियौं । यसपटक खण्डीकृत तथ्याङ्क प्रकाशन भएका कारण अपाङ्गता भएका महिलाको साक्षरता दर यति कमजोर रहेछ भन्ने थाहा भयो ।"

अपाङ्गता भएकाको शैक्षिक अवस्था कमजोर हुनुमा पाठ्यक्रमदेखि विद्यालय संरचनासम्म समस्या रहेको अध्यक्ष आचार्यको भनाइ छ । "पाठ्यक्रम पनि अपाङ्गमैत्री छैनन् । सामान्य विद्यालय भवनमा अपाङ्गता भएका विद्यार्थी कक्षामा प्रवेश गर्नसक्ने अवस्था छैन, जसले गर्दा चाहेर पनि उनीहरूले पढ्न पाएका छैनन् ।"

अपाङ्ग मानवअधिकार केन्द्रका निर्देशक जगदीशप्रसाद अधिकारीले पाठ्यक्रम, ब्रेललिपिका पुस्तक, शिक्षक र पूर्वाधारका अभावकाबिच यस क्षेत्रको साक्षरता र शिक्षा प्रगतिउन्मुख रहेकामा सन्तोष व्यक्त गर्नुभयो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आँकडाअनुसार समग्रमा विद्यालय जाने उमेरका चार प्रतिशत बालबालिका विद्यालय बाहिर छन्, त्यसमध्ये ८० प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय बाहिर छन् । रासस

## हार्दिक समवेदना



भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ७ चोर्चा टोल बस्ने यस संस्थाका सदस्यता नं. **१३५९** का सदस्य **पूर्ण बहादुर लाखाजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्मः २००५/०५/०५
निधनः २०८०/१२/०७

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा,भक्तपुर

## हार्दिक समवेदना



भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ लिवाली टोल बस्ने यस संस्थाका सदस्यता नं. ७१७९ का सदस्य **तुल्सी भक्त लवजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्मः २००२/०२/०१
निधनः २०८०/१०/२८

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा,भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म २००५।०५।०५
निधन २०८०।१२।०७

**पुर्णबहादुर लाखाजु**

हाम्रो आत्मीय मित्र राजेश लाखाको पुजनीय पिता **पुर्णबहादुर लाखाजु**को दु:खद निधन भएको आज सातौ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समबेदना व्यक्त गर्दछ ।

**२ गते साथीभाई समूह**
चोर्चा, भक्तपुर

***नेक्राकिसङ्घद्वारा...***

पऱ्यो ।"

"हामी मानव जीवन विचारहीन भएर बिताउनुहुँदैन । चुनावमा पैसा, सामान र भोजको पछि लागेर शासक दलहरूमध्ये कहिले एउटालाई कहिले अर्कोलाई मत माग्ने कार्यकर्ताहरू तिहुन चखुवाजस्तै हुन् । नयाँ पुस्तालाई स्पष्ट र दृढ विचार लिने सचेत नागरिक बनाउनु अहिलेको आवश्यकता हो", सचिव सुवालले बताउनुभयो ।

नेमकिपा भजिसका सदस्य नारायणबहादुर दुवालले पार्टी निर्देशनअनुसार देश र जनताको हितमा नि:स्वार्थ सेवा गर्ने भावना भएका ज्ञानबहादुर दाइबाट सिकेर नयाँ पुस्ता अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "धेरै पढेरमात्र नि:स्वार्थरूपले देश र जनताको सेवा गर्नसक्छ भने होइन । किताबी ज्ञानको साथै व्यवहारिक सामाजिक मूल्य र मान्यताबारे जानकारी हुनुपर्छ ।"

नेक्राकिसङ्घका केन्द्रीय सचिव हरिराम सुवालले नयाँ पुस्तालाई समाज सेवा गर्ने भावना जागृत गराई अगाडि बढाउन सके भावी पुस्ता तयार हुनेछ भन्नुभयो ।

आयोजक समितिका समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपेन्द्र सुवाल, केशवप्रसाद तिमिल्सिना र गङ्गाराम ज्याख्वले ज्ञानबहादुर दाइको योगदानबारे बोल्नुभएको थियो ।

## हार्दिक समवेदना



जन्म
२००३/१०/१२

निधन
२०८०/१२/१०

यस अध्ययन संस्थानका प्रशासन अधिकृत बिष्णुहरी फेलुकी ममतामयी माता **मथुरी फेलुनी**को असामयिक निधनप्रति दुख ब्यक्त गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**ख्वप बहुप्राविधिक अध्ययन संस्थान**
च्याम्हासिंह, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००५।०५।०५

निधन
२०८०।१२।०७

यस समूहका सदस्य पुण्यराम लाखाजुका पुजनीय पिता **पूर्णबहादुर लाखाजु**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**२५ गते समूह परिवार**

## हार्दिक समवेदना



जन्म
२००३/०३/०४

निधन
२०८०/१२/०७

यस संस्थाका सदस्यता नं. ४६९ का सदस्य **आसराम लोहला**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ-४, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### गतिविधि






ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें मन्तव्य राख्नुहुँदै तथा जेष्ठ सदस्यलाई सम्मान गर्नुहुँदै ।






कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाबाट प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंलाई मायाको चिनो प्रदान गर्नुहुँदै तथा कार्यक्रममा सम्मानित ज्येष्ठ सदस्यहरु ।





ज्येष्ठ सदस्यहरुको जनरल परिक्षण गर्नुहुँदै ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा तथा दिर्घ दम खोकी परीक्षण गर्दै ख्वप अस्पतालका प्राविधिक ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## हार्दिक श्रद्धाञ्जली



**पुर्णबहादुर लाखाजु**

जन्म : २००५/०५/०५ निधन : २०८०/१२/०७

भक्तपुर नगरपालिका ९ वडा कार्यालयका वडा सचिव तथा हाम्रा साथी पुण्यराम लाखाजुका पुजनीय पिता **पुर्णबहादुर लाखाजु**को असामयिक निधन भएको आज सातौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | | |
|---|---|---|---|
| लक्ष्मीप्रसाद दुवाल | विजय लोहला | गणेशराम सुवाल | रामगोपाल दुवाल |
| विश्वराम सिबन्जार | राजेश दिस्टी | काशीराम प्रजापति | योगेश्वर श्रेष्ठ |
| इन्द्रप्रसाद मचामसी | दामोदर लिवी | नन्दकृष्ण श्रेष्ठ | पाण्डव सुवाल |
| रामेश्वर कोजु | गोविन्दराम थुसा | विनोद थापा | जीतबहादुर खाइतु |
| बुद्दिप्रसाद दुवाल | | | साहिँला वैद्य |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा